चेलापन पाठ ४७

१	**प्रार्थना**

समूहको अगुवा - परमेश्वरको उपस्थितिप्रति सचेत हुन र उहाँको आवाज सुन्न उहाँको आत्माद्वारा परमेश्वरको अगुवाइ माग्नको लागि प्रार्थना गर्नुहोस्। चेलालाहरू बनाउने बारेको यो पाठलाई प्रभुमा समर्पण गर्नुहोस्।

२	**आराधना** (२० मिनेट) **[मनोवृत्तिको अभिव्यक्ति]** **आफूलाई परमेश्वर र उहाँको परामर्शप्रति समर्पित गर्नु**

मनन गर्नुहोस्।
आराधना भनेको परमेश्वरप्रति तपाईंको मनोवृत्तिलाई समर्पणतामा अभिव्यक्त गर्नु हो।

विषय : परमेश्वर र उहाँको आत्मिक सेवाप्रतिको समर्पणता

बाइबलका खण्डहरू पढ्नुहोस्। निम्नलिखित कुराहरूलाई पढ्नुहोस् अथवा आफ्नै शब्दमा व्याख्या गर्नुहोस्।

१. समर्पणता

समर्पणताको अर्थ आफूलाई कुनै व्यक्ति अथवा वस्तुलाई दिनु हो। यसको अर्थ तपाईं आफैलाई पूर्णरूपमा परमेश्वरप्रति, उहाँको राज्याधिकारप्रति र उहाँलाई प्रसन्न तुल्याउने कुराहरूप्रति अर्पण गर्नु हो। तपाईंले आत्मिक (उचित) रूपमा अर्थात् पवित्र आत्मामा परमेश्वरको सेवा गर्नुहुन्छ, जुनचाहिँ व्यवस्थाका अक्षरअनुसार परमेश्वरको सेवा गर्नुभन्दा विपरीत छ (२ कोरिन्थी ३:६)।

२. हाम्रो शरीरको समर्पणता

रोमी १२:१; रोमी ६:१२-१३,१९ पढ्नुहोस्।

(१) शरीर : यहाँ हाम्रो शरीर भनेको हाम्रो भौतिक शरीर मात्र होइन। यसको अर्थ हाम्रो आत्मा, हाम्रो पूर्ण अस्तित्व र व्यक्तित्व पनि हो, किनभने हाम्रो शरीर र यसका भागहरूले हाम्रो आत्मा, अस्तित्व र व्यक्तित्वलाई भाव प्रदान गर्दछन्।

(२) जिउँदो बलिदान : पशुहरूलाई मारेर बलिको रूपमा ल्याइन्छ भने हामीले चाहिँ परमेश्वरको महिमाको लागि हाम्रो शरीरमा जिएर हाम्रो शरीरलाई परमेश्वरको निम्ति बलिको रूपमा ल्याउनुपर्छ। हामी अब हाम्रो शरीरमा हाम्रो पुरानो पापमय स्वभावद्वारा नियन्त्रित भएर जिउँदैनौँ तर हाम्रो नयाँ जन्मद्वारा प्राप्त नयाँ स्वभावद्वारा नियन्त्रित भएर जिउँछौँ। "हामी कोही पनि आफ्नै निम्ति बाँच्दैनौँ र कोही पनि आफ्नै निम्ति मर्दैनौँ। यदी हामी बाँच्छौँ भने प्रभुकै निम्ति बाँच्छौँ र मर्दछौँ भने पनि प्रभुकै निम्ति मर्दछौँ। चाहे हामी बाँचौँ चाहे मरौँ, हामी प्रभुकै हौँ" (रोमी १४:७-८)।

(३) पवित्र बलिदान : 'पवित्र' शब्दको अर्थ छुट्ट्याउनु र समर्पण गर्नु हो। एकातर्फ हामीले आफूलाई यस संसारका खराब कुराहरूबाट छुट्ट्याउँछौँ। अर्कोतर्फ हामीले यस पापमय संसारभित्र आफैलाई परमेश्वर र उहाँको उद्देश्यप्रति समर्पित गर्दछौँ।

(४) परमेश्वरलाई ग्रहणयोग्य हुने बलि : परमेश्वरले ग्रहण गर्नुहुने र स्वीकार गर्नुहुने सबै कुराप्रति हामी आफैलाई समर्पण गर्दछौँ। हामीले घुम्ने ठाउँहरूद्वारा, हामी संलग्न हुने क्रियाकलापहरूद्वारा, हामीले सम्बन्ध राख्ने मानिसहरूद्वारा र हाम्रा व्यवहारहरूद्वारा हामी परमेश्वरलाई प्रसन्न तुल्याउन चाहन्छौँ।

(५) आराधना अथवा सेवाको आत्मिक कार्य : यसप्रकारले हरेक दिन हाम्रा शरीरलाई समर्पण गरेर हामी आराधनाको आत्मिक कार्य अथवा सेवाको आत्मिक कार्यमा संलग्न रहन्छौँ! मण्डलीमा मात्र आराधना हुँदैन! आराधना सामान्य जीवनको बीचमा हुँदछ! हामीले हाम्रा शरीरलाई दैनिकरूपमा परमेश्वरको राज्य र धार्मिकताको सेवामा समर्पित गरेर परमेश्वरको आराधना गर्दछौँ (मत्ती ६:३३)।

३. हाम्रो मनको समर्पणता

रोमी १२:२ पढ्नुहोस्

(१) यस संसारको ढाँचामा नचल्नु

हामीले आफूलाई यस दुष्ट पुस्ताको ढाँचाअनुसार परिवर्तित हुन दिँदैनौँ। यस दुष्ट संसारलाई पापमय मानिसहरूका संस्कारहरू अथवा पापमय मानिसहरूका धर्महरूलाई हामी आफूलाई तिनका व्यवहारहरूमा धकेल्न दिँदैनौँ। एक इसाईले सबै दुष्ट प्रभावहरू अस्वीकार गर्छ; जस्तै: नास्तिकवादी सिद्धान्तहरू, झूटा धर्महरू[28], व्यभिचार, खराब साथीहरू, व्यर्थका बहसहरू, खराब पत्र-पत्रिकाहरू, सङ्कास्पद गतिविधिहरू, जुवा-तास, चिट्ठा, अश्लील वस्त्रहरू, कट्टरपन्थी राजनीति, लागू पदार्थ अथवा डरलाग्दा खेलहरूको परिक्षण आदि। इसाईले हरेक खराब प्रभावहरूको विरोध गर्छ। बाहिरीरूपमा मानिसहरूको जीवनशैली र व्यवहार अपनाउनुचाहिँ परिवर्तन नभएका मानिसहरूसँग उनीहरूको अपरिवर्तित सोच्ने शैली र अपरिवर्तित व्यवहारसँग सम्झौता गर्नु हो। यसप्रकारको जीवनशैलीले परमेश्वरलाई प्रसन्न पार्न सक्दैन।

(२) तर परमेश्वरको इच्छामा परिवर्तित होओ

हामीले आफैलाई हाम्रो मनको निरन्तर नवीकरणप्रति समर्पित गर्दछौँ, जसले हाम्रो धार्मिक विश्वासको निरन्तर परिवर्तन र हाम्रो व्यवहारको परिवर्तनतर्फ डोऱ्याउँछ! अरूको व्यवहार अपनाउने कुरा मानिसहरूको बाहिरी चालचलन पछ्याएर सुरु हुन्छ भने परिवर्तनचाहिँ परमेश्वरको वचनअनुसार सोचाइ, विश्वास, अभिप्राय र अभिव्यक्तिहरूको भित्री परिवर्तनबाट सुरु हुन्छ, जसले अन्तत: व्यवहारको परिवर्तनतर्फ डोऱ्याउँछ। यो तब मात्र हुन्छ जब हामी संसार र यसका धर्महरूसँग कुनै सम्झौता गर्दैनौँ तर हामीले आफैलाई परमेश्वरको वचन र परमेश्वरको आत्माद्वारा परिवर्तन हुन दिन्छौँ। भित्री परिवर्तन, जसले अन्तत: आफूलाई बाहिरी परिवर्तनमा प्रकट गर्छ, त्यो नै परमेश्वरलाई प्रसन्न तुल्याउने जीवनशैली जिउने सर्वोत्तम तरिका हो। हाम्रो उद्देश्य हाम्रो धार्मिक पुस्तक अथवा धर्मका लागि मानिसहरू जित्नु होइन तर उनीहरू नयाँ गरी जन्मिऊन् र नवीकरण होऊन् (तीतस ३:४-८) अनि यसप्रकार ख्रीष्टमा र उहाँको राज्याधिकारमा जितिऊन् भन्ने हो!

४. हाम्रा भागहरूको समर्पणता

(१) आँखाहरू : मत्ती ६:२२-२३ पढ्नुहोस्। हामी हाम्रा आँखाहरू परमेश्वरमा समर्पण गर्छौं किनभने हाम्रा आँखाहरू ढोकाहरू हुन्, जसद्वारा हामी चिजहरूलाई हाम्रो प्राणमा प्रवेश गर्न दिन्छौँ। उदाहरणको लागि, "मैले मेरा आँखाहरूसँग कुनै स्त्रीलाई कुदृष्टिले नहेर्ने करार बाँधेँ।"

(२) कानहरू : यशैया ५०:४-५ पढ्नुहोस्। हामी हाम्रा कानहरू परमेश्वरमा समर्पण गर्छौं किनभने हाम्रा कानहरूले हामीहरूलाई परमेश्वरको आवाजसँग जोड्दछन्। "अगमवक्ताहरूका कुरा तिमीहरू नसुन, तिनीहरू झूटा आशाले तिमीहरूलाई भरिपूर्ण पार्छन्। तिनीहरू परमप्रभुको मुखबाट होइन, तर आफ्नै मनबाट दर्शनहरू बताउँछन्" (यर्मिया २३:१६)।

(३) जिब्रो : मत्ती १२:३४-३७ पढ्नुहोस्। हामी हाम्रा जिब्रोहरू परमेश्वरमा समर्पण गर्छौं किनभने हाम्रा जिब्रोहरूले हाम्रो हृदयका कुरा प्रकट गर्दछन्। "तिमीहरूका मुखबाट कुवाक्य ननिस्कोस्, तर समय सुहाउँदो र सुधार गर्न मीठो वचन मात्र बोल्ने गर, जसबाट सुन्नेहरूलाई अनुग्रह मिलोस्" (एफिसी ४:१५,२९)।

---

[28] उदाहरण: कुनै विशेष धर्महरूलाई ठेस नपुगोस् भन्ने हेतुको लागि बाइबलीय धारणाहरूलाई अनुकूल बनाएर (उदाहरणको लागि येशू ख्रीष्टको लागि 'परमेश्वरको पुत्र' भन्ने नाम मिलाउनु)। अइसाई धर्महरूले इसाईहरूप्रतिको आफ्नो भाव परिवर्तन गर्नेछैनन् किनभने इसाईहरूले बाइबलका अनुवादहरू अथवा आफ्नो विश्वासअनुरसार बोल्दछन्। यी धर्मका मानिसहरू तब मात्र परिवर्तन हुन्छन्, जब उनीहरूले नया जन्म पाउँछन् र 'परमेश्वरको पुत्र' को हुनुहुन्छ भनी बुझ्न थाल्छन्! (यूहन्ना ३:३-८; मत्ती १६:१३-१८; यूहन्ना ५:१६-३०; यूहन्ना १०:२४-३९; यूहन्ना २०:२४-२९)। (निर्देशिका २, परिशिष्ट ८, 'परमेश्वर र परमेश्वरको पुत्रको स्वभाव' भन्ने लेख हेर्नुहोस्।) बाइबलको 'परमेश्वरको पुत्र' भन्ने अनुवाद अरूलाई ठेस पुऱ्याउनको लागि भन्नुहुँदैन, तर यस्ता बाइबलीय धारणाहरूलाई टिप्पणीहरूमा व्याख्या गर्नुपर्छ ताकि यी मानिसहरूले आफ्ना सोचाइहरू परिवर्तन गरून्! १ कोरिन्थी ९:२०-२३ मा भएको बहस - "यहूदीहरूका निम्ति यहूदीजस्तै बन्नु"ले यो कुरा दर्साउँदैन कि यहूदीहरूलाई ठेस नपुऱ्याउनका लागि बाइबलका महत्वपूर्ण विचारहरूलाई परिवर्तन गर्नुपर्छ, तर यसको अर्थ यो हो कि इसाईहरूको व्यवहारले परमेश्वरको व्यवस्था (जुनचाहिँ प्रेम हो) लाई आदर गर्नुपर्छ, जुन रोमी १४:१-१५:१२ ले पनि सिकाउँछ।

आराधना गर्नुहोस्।
परमेश्वरलाई एक वा दुई वाक्यहरूमा पालैपालो आराधना गर्नुहोस् र आराधनाको आत्मिक कार्यको रूपमा हाम्रो शरीरको केही भाग परमेश्वरमा समर्पण गर्नुहोस्।

३	**सिकेको कुरा बाँड्नु** (२० मिनेट)	[शान्त समय] उपदेशक १ - ४

तोकिएको बाइबल खण्ड (उपदेशक १,२,३ र ४) बाट परमेश्वरसँग व्यक्तिगत समय बिताउँदा, के कुरा सिक्नुभएको छ, त्यसबाट छोटकरीमा पालैपालो बाँड्नुहोस् (अथवा तपाईंको नोटबुकबाट पढ्नुहोस्)। अरूले बाँड्दैगरेको कुरा सुन्नुहोस्, उसको कुरालाई गम्भीररूपमा लिनुहोस् र उसलाई स्वीकार गर्नुहोस् तर उसले बाँडेको कुरामा छलफल नगर्नुहोस्।

४	**शिक्षा** (७० मिनेट)	[अगुवापन] इसाई अगुवाको विशेषताहरू

यो अध्ययन नयाँ करारको अगुवापनमा मात्र सीमित छ। अगुवापनको बारेमा डोटामा अरू अध्ययनहरू यस प्रकारका छन्:

- निर्देशिका ३, पाठ ३४ : मण्डलीको अगुवापनसम्बन्धी बाइबल अध्ययन (१ पत्रुस ५:१-७)
- निर्देशिका ४, पाठ ४७ : इसाई अगुवाको विशेषताहरू
- निर्देशिका ४, परिशिष्ट १९ : इसाई मण्डलीमा अगुवापनको ऐतिहासिक विकास
- निर्देशिका ४, परिशिष्ट २० : नयाँ करारमा डिकनहरू
- निर्देशिका ६, पाठ १७ : मण्डली समारोह - मण्डलीका अगुवाहरूलाई अधिकार दिनु
- निर्देशिका ६, परिशिष्ट २३ : मण्डलीका महिला कर्मचारीहरू

क. अगुवापनको सन्दर्भमा भएका धारणाहरू

१. नयाँ करारमा अगुवापनको परिभाषा

अरू भाषाहरूका केही बाइबल अनुवादहरूमा अगुवाहरूका लागि प्रयोग भएका वास्तविक ग्रीक शब्दहरू सहीरूपमा वा स्थिररूपमा अनुवाद नभएका कारण हामी यी शब्दहरूलाई लगातर एउटै नेपाली शब्दहरूमा अनुवाद गर्नेछौँ।

ग्रीक शब्द 'प्रेस्बुटेरोस्' (एकवचन) र 'प्रेसबुटेरोइ' (बहुवचन) लाई लगातर नेपाली शब्दहरू 'एल्डर' र 'एल्डरहरू' मा अनुवाद गरिएको छ। यस ग्रीक शब्दले मण्डलीको अगुवापनको कार्यभारको प्रतिनिधित्व गर्दछ। यस शब्दलाई पूजाहारी (पूजाहारीहरू) अथवा पास्टर (पास्टरहरू) भनी अनुवाद गरिएको छैन किनभने परम्परागत आधुनिक मण्डलीहरूमा यी शब्दहरूले पदको शक्तिलाई जनाउँछन्।

ग्रीक शब्द 'एपिस्कोपस' (एकवचन) र 'एपिस्कोपोइ (बहुवचन) लाई लगातार नेपाली शब्दहरू 'देखरेख गर्नेहरू' भनी अनुवाद गरिएको छ। यस ग्रीक शब्दले एल्डरको (एल्डरहरूको) क्रियाकलापहरू अथवा जिम्मेवारीपूर्ण गतिविधिहरूमध्ये एकलाई प्रतिनिधित्व गर्दछ, अनि यसले मण्डलीको (एल्डरको भन्दा भिन्नै) अर्को कार्यभारको प्रतिनिधित्व गर्दैन! यस शब्दलाई बिशप (बिशपहरू) भनी अनुवाद गरिएको छैन किनभने यस शब्दले परम्परागत आधुनिक मण्डलीहरूमा पदको शक्तिलाई जनाउँछ।

ग्रीक शब्द 'पोइमेन' (एकवचन) र 'पोइमेनेस' (बहुवचन) लाई लगातर नेपाली शब्दहरू गोठालो (गोठालोहरू) भनी अनुवाद गरिएको छ। यस ग्रीक शब्दले एल्डर (एल्डरहरू) को दोस्रो जिम्मेवारीपूर्ण गतिविधिलाई प्रतिनिधित्व गर्दछ र एल्डरको भन्दा बेग्लै अर्को कार्यभारको प्रतिनिधित्व गर्दैन! यस शब्दलाई पास्टर (पास्टरहरू) भनी अनुवाद गरिएको छैन किनभ ने यस शब्दले परम्परागत मण्डलीहरूमा पदको शक्तिलाई जनाउँछ।

ग्रीक शब्द एपिस्कोपियोलाई नेपालीमा देखरेख गर्ने भनी अनुवाद गरिएको छ (१ पत्रुस ५:२)। यो निरिक्षण गर्ने कार्य हो (यसकारण, एल्डरको कुनै आधुनिक बिशपको होइन)।

ग्रीक क्रियापद पोइमाइनोलाई नेपालीमा बगालको हेरचाह गर्नु भनी अनुवाद गरिएको छ (प्रेरित २०:२८; १ पत्रुस ५:२)। यो गोठालोको काम हो (यसकारण, एल्डर आधुनिक मण्डलीको पास्टर अथवा सेवक होइन)।

२. मण्डलीमा एल्डर (एल्डरहरू)को लागि तीन शब्दहरू

(१) नयाँ करारमा तीन शब्दहरू : 'एल्डर', 'गोठालो' र 'देखरेख गर्ने' लाई एक-अर्काको साटोमा प्रयोग गर्न सकिन्छ।
नयाँ करारमा एल्डरहरूलाई उनीहरूका जिम्मेवारीपूर्ण कार्यहरूद्वारा पनि चिनिन्छ। यसप्रकार, तीन शब्दहरू: एल्डर, गोठालो र देखरेख गर्नेहरूले एउटै कार्यभारलाई बुझाउँछ।

- एल्डर (एल्डरहरू)लाई ग्रीकमा प्रेसबुटेरोस् भनिन्छ। नेपाली शब्द पूजाहारीलाई यसैबाट लिएको हो (प्रेरित २०:१७; १ तिमोथी ५:१७; तीतस १:५; १ पत्रुस ५:१) तर यसको संलग्नतामा यो असर अनुवाद होइन। यसलाई एल्डरको कार्यभार भनी अनुवाद गरिनुपर्दछ।
- गोठालोलाई ग्रीकमा पोइमेन र ल्याटिनमा पास्टर भनिन्छ। नेपालीमा पास्टर शब्द यसैबाट लिइएको हो (प्रेरित २०:२८; १ पत्रुस ५:२), तर यसको संलग्नतामा यो असल अनुवाद होइन। यसलाई गोठालो (काम, कार्यभार होइन) भनी अनुवाद गरिनुपर्दछ।
- देखरेख गर्नुलाई ग्रीकमा एपिस्कोपोस भनिन्छ। नेपालीमा बिशप शब्द यसैबाट लिइएको हो (प्रेरित २०:२८; तीतस १:७; १ पत्रुस ५:२), तर यसको संलग्नतामा यो असल अनुवाद होइन। यसलाई देखरेख गर्ने (काम, कार्यभार होइन) भनी अनुवाद गरिनुपर्दछ।

पहिलो शताब्दीको समयमा (इ.सं. ३०-९७) एल्डर, गोठालो र निरिक्षक शब्दहरूले भिन्नताबिना एउटै कार्यभारलाई जनाउँछन्। प्रेरितको पुस्तकमा सबै एल्डरहरूले (प्रेरित २०:१७) मण्डलीमा गोठालो र निरिक्षकको रूपमा कार्य गर्दथे (प्रेरित २८)! तीतसको पुस्तकमा हरेक एल्डरलाई (तीतस १:५) निरीक्षक भनिएको छ (तीतस १:७)। १ पत्रुसको पुस्तकमा सबै एल्डरहरूले (१ पत्रुस ५:१) मूल गोठालो, येशू ख्रीष्टको (१ पत्रुस ५:४) मुनि रहेर गोठाला र निरीक्षकको कार्य गरे (१ पत्रुस ५:२)। यसले प्रमाणित गर्छ, कि शब्दावलीको सन्दर्भमा लूका, पावल र पत्रुसले 'एल्डर', 'गोठालो' र 'निरीक्षक' शब्दहरूलाई पर्यायवाची शब्दका रूपमा प्रयोग गरे! केही निश्चित मण्डली सम्प्रदायहरूमा यी शब्दहरूको अर्थलाई ध्यान नदिने हो भने नयाँ करारमा एल्डरहरू, गोठालोहरू र निरीक्षकहरूमा कुनै भिन्नता छैन!

(२) 'एल्डर', 'गोठालो' र निरीक्षक' शब्दको अर्थ:
केही सम्प्रदायहरूले सिकाएजस्तो यी तीन शब्दहरूले मण्डलीको ती फरक कार्यभार अथवा पदलाई बुझाउँदैन। यी सबैले एउटै कार्यभारलाई जनाउँछ, अर्थात् त्यो एल्डरको कार्यभार हो। यिनले यस कार्यभारलाई तीन दृष्टिकोणबाट व्याख्या गर्दछ:

- एल्डर शब्दले कार्यभार र यस कार्यभारमा रहेको आत्मिक परिपक्वता, अनुभव र सम्मानलाई जनाउँछ।
- 'गोठालो' र 'निरीक्षक' शब्दहरूले यस कार्यभारसम्बन्धी दुई महत्वपूर्ण जिम्मेवारीहरू वा कार्यहरूलाई जनाउँछन्। नयाँ करारले सिकाउँछ कि एल्डरहरू मण्डलीभित्रका गोठाला र निरीक्षकहरू हुन्। उनीहरूले एक-अर्कामा एल्डरहरूका कार्यगत जिम्मेवारीहरू अथवा कार्यहरू बाँड्छन्: देखरेख, अगुवापन र शिक्षा।

३. नयाँ करारका कार्यभारहरू

(१) कार्यभार

कार्यभार भनेको ...

- जिम्मेवारीहरूका साथ
- तोकिएको वा दिइएको कार्य
- र मिल्दो अधिकार हो
- जसको हिसाब कार्यभारले दिनुपर्छ।

(२) अगुवापनको कार्यभार

बाइबलअनुसार मण्डलीमा अगुवापनको एकमात्र कार्यभार एल्डरको हो (प्रेरित ११:३०; प्रेरित १४:२३; प्रेरित २०:१७; १ तिमोथी ५:१७; तीतस १:५; याकूब ५:१४; १ पत्रुस ५:१)। बाइबलले स्थानीय मण्डलीका एल्डरहरूभन्दा माथि कुनै अगुवापनको अङ्गको (परिषद् अथवा धर्मसभाको) बारेमा बताउँदैन।

नयाँ करारको मण्डलीमा अगुवापन भनेको ...

- सधैँ बाँडिएको अगुवापन हो। एल्डर शब्द सधैँ बहुवचनमा हुन्छ र यसकारण यो कार्यभार सधैँ अरू एल्डरहरूसँग बाँधिएको हुन्छ (प्रेरित १४:२३; १ तिमोथी ४:१४)।
- र सेवकको अगुवापन हो। येशू ख्रीष्ट र प्रेरित पत्रुस दुबैले सिकाउँछन् कि बाइबलमा अगुवापन भनेको सधैँ सेवकको अगुवापन हो (मत्ती २०:२५-२८; १ पत्रस ५:२-३)! यसकारण, यस कार्यभारको कसैले पनि अरू इसाईहरूमाथि प्रभुत्व जमाउन पाउँदैन!

स्थानीय मण्डलीमा कुनै एकलो अगुवा (पास्टर, सेवक, पूजाहारी)ले मात्र अगुवाइ गर्नुहुँदैन, तर 'एल्डरहरूको समूह'ले अगुवाइइ गर्नुपर्दछ।

यो कुरा प्रमाणित भएको छ, कि निषेधित राष्ट्रहरूमा एल्डरहरूको समूहले तीनदेखि पन्ध्र बटासम्म घरेलु सङ्गति (मण्डली) अगुवाइ गर्न सक्छन्। घरेलु सङ्गति (मण्डली)को समूहले कम्तीमा तीन एल्डरहरूको अगुवाइमा मण्डली निर्माण गर्न सक्छन्।

(३) एल्डरहरूको उमेर

ऐतिहासिक ग्रीकमा 'एल्डर' शब्द (प्रेस्बुटेरोस)ले बढी दक्ष र अनुभवी 'वयस्क व्यक्तिलाई' जनाए तापनि पुरानो करार तथा नयाँ करारमा यस शब्दले अगुवापनको कार्यभारमा भएको व्यक्तिलाई जनाउँछ। पुरानो करारमा (प्रस्थान १८:१३-२६; गन्ती ११:१६-१७; व्यवस्था १:९-१८) एल्डर शब्दले परमेश्वरका पुराना करारका मानिस, इस्राएलमा अगुवापनको कार्यभारलाई जनाउँछ, वृद्ध मानिसहरूलाई होइन। अनि नयाँ करारमा (प्रेरित ११:३०; प्रेरित १४:२३; प्रेरित २०:१७,२८; १ तिमोथी ५:१७; तीतस १:५-६; १ पत्रुस ५:१-४) एल्डर शब्दले परमेश्वरका नयाँ करारका मानिसहरू, मण्डलीमा अगुवापनको कार्यभारलाई जनाउँछ, वृद्ध मानिसहरूलाई होइन।

बाइबलमा कुनै पनि ठाउँमा एल्डरहरूका लागि आवश्यक योग्यताको रूपमा उमेर उल्लेख गरिएको छैन। पुरानो करार र नयाँ करार दुवैमा एल्डरहरूका लागि योग्यताको कुराहरू थिए र उनीहरूले केही निश्चित कर्तव्यहरू पूरा गर्नुपर्थ्यो। यदि कुनै जवान मानिसले सबै योग्यताहरू पूरा गऱ्यो भने उसलाई एल्डर नियुक्त हुनबाट रोक्ने बाइबलमा कुनै पनि कुरा छैन (प्रेरित १४:२१-२३; १ तोमोथी ३:६-७; १ तिमोथी ४:१२)! यसैले एल्डर शब्दले वृद्ध मानिस नै भनेर जनाउँदैन तर मण्डलीको अगुवापनको कार्यभारको लागि योग्य परिपक्व मानिसलाई जनाउँछ।

(४) सेवा गर्ने कार्यभारहरू

मण्डलीमा सेवा गर्ने कार्यभारहरू यी हुन् (एल्डरहरूको अगुवापनको कार्यभारभन्दा भिन्नै): मिसेनरीहरू, प्रचारकहरू, सुसमाचार प्रचारकहरू, गोठालाहरू, शिक्षकहरू (एफिसी ५:११-१२); डिकनहरू (प्रेरित ६:१-७), समूहका अगुवाहरू, जवान अगुवाहरू आदि। यी सेवकहरूलाई एल्डरहरूको समूहले नियुक्त गर्छ। यही समूहको मुनि रहेर उनीहरूले सेवा गर्छन् र उनीहरू यही समूहप्रति जवाफदेही रहन्छन्।

तैपनि, बाइबलमे अगुवाइ गर्ने कार्यभार (एल्डर) कहिले पनि शासन गर्ने कार्यभार (राजा अथवा मालिक) झैँ हुँदैन र शक्तिको पद हुँदैन, तर सधैँ सेवा गर्ने कार्यलय अथवा कार्य रहन्छ! उसले असल अगुवापन दिएर सेवा गर्छ, उसलाई दिइएका मानिसहरूमाथि प्रभुत्व गरेर होइन।

ख. मण्डलीमा साँचो पूर्ण अगुवा : येशू ख्रीष्ट

विश्वव्यापी मण्डलीको सर्वोच्च र अनन्त अगुवा येशू ख्रीष्ट हुनुहुन्छ।

मत्ती १६:१८; एफिसी १:२२; १ पत्रुस २:२५; १ पत्रुस ५:४ पढ्नुहोस्।

मत्ती १६:१८ मा येशूले भन्नुहुन्छ, "म तिमीलाई भन्दछु, कि तिमी पत्रुस (ग्रीक: पेट्रोस) हौ र म मेरो मण्डली यस चट्टान (पेट्रा) माथी स्थापित गर्नेछु, र नरकका ढोकाहरू त्यसमाथि विजयी हुनेछैनन्।"

१. येशू ख्रीष्ट मण्डलीको मालिक हुनुहुन्छ।

उहाँले भन्नुहुन्छ, "यो मेरो मण्डली हो।" विश्वव्यापी मण्डली र संसारका सबै स्थानीय मण्डलीहरू (रोमन क्याथोलिकहरूले 'प्यारिस' भन्ने शब्दावली प्रयोग गर्छन्) कुनै एक अथवा अर्को सम्प्रदाय, अथवा इसाई संस्था, अथवा इसाई अगुवा

(संस्थापक), अथवा मण्डलीका सदस्यहरूका होइनन्, तर प्रभु येशू ख्रीष्टका मात्र हुन्। उहाँले आफ्नो रगतद्वारा (क्रूसको मृत्युद्वारा) मण्डलीलाई किन्नुभयो (प्रेरित २०:२८)। 'परमेश्वरका बगाल' वाक्यांशलाई हेर्नुहोस् (१ पत्रुस ५:२)।

२. येशू ख्रीष्ट मण्डलीको संस्थापक (निर्माणकर्ता) हुनुहुन्छ।

येशूले भन्नुहुन्छ, "म मेरो मण्डली स्थापित गर्नेछु।" मिसेनरीहरू अथवा मण्डलीका अगुवाहरूले विश्वव्यापी मण्डली अथवा कुनै स्थानीय मण्डली स्थापना गर्दैनन्। येशू ख्रीष्टले (परमेश्वरले) आफ्ना सेवकहरूलाई प्रयोग गरेर मण्डली स्थापना गर्नुहुन्छ (१ कोरिन्थी ३:५-११)। येशू ख्रीष्टबिना कसैले पनि स्थायी रहने अथवा अनन्तको लागि रहने कुनै कुरा गर्न सक्दैन (यूहन्ना १५:५)।

३. येशू ख्रीष्ट मण्डलीको शिर हुनुहुन्छ।

एफिसी १:२२ ले भन्दछ, "परमेश्वरले सबै कुरा उहाँका पाउमुनि राखिदिनुभयो र मण्डलीको निम्ति उहाँलाई नै सबै कुराको (संसारको) शिर बनाइदिनुभयो (यसरी मण्डलीको शिर बनाइनुभयो)। पृथ्वीको कुनै मानिसले यो स्थान पाउन सक्दैन! चाहे पोप[29] होस्, चाहे कार्डिनल[30] होस्, चाहे 'प्याट्रिआर्क'[31] होस्, चाहे मेट्रोपोलिटन[32] अथवा आर्कबिशप[33] कसैले पनि सक्दैन किनभने येशू ख्रीष्टले मात्र यो पद धारण गर्न सक्नुहुन्छ!

येशू ख्रीष्टलाई मात्र 'अनन्तका पिता' (यशैया ९:५; यूहन्ना १०:३०), 'एउटै बगालको एउटै गोठालो' (यहून्ना १०:१६), तिमीहरूका आत्माको गोठालो र संरक्षक (ग्रीक: बिशप)[34] (१ पत्रुस २:२५) भनिन्छ। येशू ख्रीष्ट मात्र मण्डलीका सबै एल्डरहरू (रोमन क्याथोलिक मण्डलीले यसको सट्टामा पूजाहारीहरू भन्ने शब्द प्रयोग गर्दछ) माथि मूल गोठालो[35] हुनुहुन्छ। येशू ख्रीष्ट मात्र 'हामीले दृढ स्वीकार गरेका प्रेरित तथा प्रधान पूजाहारी[36] हुनुहुन्छ (हिब्रू ३:१; हिब्रू ७:२२-८:२)। येशू ख्रीष्ट मात्र 'कुने-ढुङ्गो'[37] (१ पत्रुस २:६), 'शिर-ढुङ्गा'[38] (१ पत्रुस २:७; मत्ती २१:४२) र उहाँको मण्डलीको 'एकमात्र जग'[39] (१ कोरिन्थी ३:११) हुनुहुन्छ।

४. येशू ख्रीष्ट र उहाँको अधिकारको अभ्यास

(१) येशू ख्रीष्टले बाइबलद्वारा आफ्नो अधिकार अभ्यास गर्नुहुन्छ।

यूहन्ना ८:३१-३२; (प्रेरित २०:२७,३२; एफिसी ६:१७; १ तोमोथी ३:१४-१५; २ तिमोथी ३:१६-१७; तीतस १:९; हिब्रू ४:१२-१३) पढ्नुहोस्।

ख्रीष्टले बाइबल सिकाएर आफ्नो अधिकार अभ्यास गर्नुहुन्छ। बाइबल हरेक इसाई र हरेक इसाई मण्डलीको लागि प्रकट गरिएको र लिपिबद्ध गरिएको ख्रीष्टको इच्छा हो। ख्रीष्टले नयाँ करारमा उहाँको मण्डलीलाई कसरी व्यवस्थापन गर्नुपर्छ भनी विधान अथवा आधारभूत शिक्षा दिनुभयो!

ईसाईहरू र मण्डलीहरू बाइबलमा लेखिएका कुराभन्दा बाहिर जानुहुँदैन (१ कोरिन्थी ४:६-७; १ कोरिन्थी १:१९ हेर्नुहोस्)! इसाईइहरू र मण्डलीहरू पुरानो करारमा अगमवक्ताहरूले लेखेका कुराहरू (व्यवस्था ४:२; व्यवस्था ५:३२; यहोशू १:७;

---

[29] पोप अथवा पापाले बिजेन्टाइन ग्रीकमा 'बिशप'लाई जनाउँछ र अहिले रोमन क्याथोलिक मण्डलीमा यो सर्वोच्च कार्यभार हो।

[30] कार्डिनलको अर्थ 'प्रधान अथवा प्रमुख' हो र यो रोमन क्याथोलिक मण्डलीमा उच्च पदका अधिकारीहरूलाई गरिने सम्बोधन हो।

[31] प्याट्रिआर्कको अर्थ प्रथम, अति प्रमुख र पिता हो अनि यो अर्थोडक्स मण्डलीहरूको सर्वोच्च कार्यभार हो। रोमन क्याथोलिकको तहगत प्रणालीमा यो कार्यभारको दर्जामा पोप र कार्डिनलभन्दा मुनि पर्दछ।

[32] मेट्रोपोलिटनको अर्थ आमा + सहर' हो र यो आर्कबिशप अथवा अति महत्वपूर्ण मण्डली प्रान्तको प्रमुख हो।

[33] आर्कबिशपको अर्थ 'प्रथम, सर्वोच्च, अति प्रमुख र बिशप हो र यो रोमन क्याथोलिक मण्डलीभित्रका मण्डली प्रान्तका केन्द्रको बिशप हो। उनले अरू सबै बिशपहरूमाथि अधिकार गर्छन्।

[34] ग्रीक : ???

[35] ग्रीक : ???

[36] ग्रीक : ???

[37] ग्रीक : ???

[38] ग्रीक : ???

[39] ग्रीक : ???

यशैया २९:१३; यर्मिया ८:८) र नयाँ करारमा प्रेरितहरूले लेखेका कुराहरू (मत्ती ४:४-७; प्रेरित २६:२२; १ पत्रुस १:९-१२; २ पत्रुस ३:१-२; प्रकाश २२:१८-१९) भन्दा बाहिर जानुहुँदैन। इसाईहरू मण्डलीका ती परम्पराहरूमा फसिरहनु (अल्झिरहनु) हुँदैन, जसले परमेश्वरको वचनलाई बेकामको तुल्याउँछन् र यसको शक्तिलाई खोस्दछ (मत्ती १५:३,६; मर्कूस ७:७-८)!

(२) येशू ख्रीष्टले पवित्र आत्माद्वारा आफ्नो अधिकार अभ्यास गर्नुहुन्छ।

पवित्र आत्मा येशू ख्रीष्टको आत्मा हुनुहुन्छ र यस पृथ्वीमा येशू ख्रीष्टका समर्थक अथवा प्रतिनिधि हुनुहुन्छ। उहाँले विश्वव्यापी[40] मण्डलीमा र स्थानीय मण्डलीहरूमा पूर्णरूपमा र प्रभावकरीरूपमा ख्रीष्टलाई प्रतिनिधित्व गर्नुहुन्छ।

यूहन्ना १६:१३-१५; (यूहन्ना १५:२६; यूहन्ना २०:२१-२३; लूका २४:४९; प्रेरित १:५-८) पढ्नुहोस्। ख्रीष्टले आफ्ना प्रेरितहरूलाई ऐतिहासिक मण्डलीका आधारभूत अगुवाहरू बन्ने उनीहरूको विशेष कार्यको लागि पवित्र आत्माद्वारा तयार बनाउनुभयो। पवित्र आत्माद्वारा ने उहावले उनीहरूलाई सबै सत्यतातर्फ डोऱ्याउनुभयो, उहाँले उनीहरूलाई सिकाउनुभएका वचनहरू अनि पृथ्वीमा उहाँले गर्नुभएका कार्यहरू स्मरण गराउनुभयो, र उनीहरूले जान्नुपर्ने सबै थोक सिकाउनुभयो। यसप्रकार प्रेरितहरूले सुसमाचार प्रचार गरेर, मानिसहरूलाई येशू ख्रीष्टका चेलाहरू बनाएर अनि नयाँ करारमा येशू ख्रीष्टको सत्यतालाई लिपिबद्ध गरेर उनीहरू येशू ख्रीष्टका विश्वासयोग्य र अधिकारपूर्ण साक्षीहरू बने।

प्रेरित १५:२८ पढ्नुहोस्। पवित्र आत्माद्वारा नै येशू ख्रीष्टले एन्टिओखियाका मण्डलीका प्रतिनिधिहरूले प्रेरितहरू र यरूशलेमको मण्डलीका एल्डरहरूसँग गरेको बैठक र त्यसका निर्णयहरूलाई अगुवाइ गर्नुभयो।

नयाँ करारको सममयमा एल्डरहरूको परिषद्को माथि कुनै अरू छाता संस्था थियो भन्ने कुनै प्रमाण पाइँदैन! सबै स्थानीय मण्डलीहरू र विश्वव्यापी मण्डलीमाथि पनि कुनै परिषद् अथवा सभा खडा हुनुपर्छ भन्ने आधुनिक धारणा बाइबलबाट लिइएको होइन!

यूहन्ना १६:८; (रोमी ८:५-१०; गलाती ५:१६,१८,२५; एफिसी ६:१७) पढ्नुहोस्।
पवित्र आत्माले निरन्तररूपमा इसाईहरूलाई निर्देशन गर्न र स्मरण गराउन जारी राख्नुभयो तर कहिल्यै पनि बाइबलमा लेखिएका कुराहरूका विरुद्धमा भने होइन!

(३) येशू ख्रीष्टले स्थानीय मण्डलीभित्रको एल्डरहरूको परिषद्द्वारा आफ्नो अधिकार अभ्यास गर्नुहुन्छ।

प्रेरित २०:१७,२८ पढ्नुहोस्। येशू ख्रीष्टले स्थानीय मण्डलीको एल्डरहरूको परिषद्द्वारा आफ्नो अधिकार अभ्यास गर्नुहुन्छ, तर उहाँले यो तब मात्र गर्नुहुन्छ, जब एल्डरहरूले आफैलाई बाइबलको अधिकारमा समर्पित गर्छन्। यो ठूलो सान्त्वना र उत्साहको कुरा हो, कि आराधना गर्न अथवा वचन बोल्न अथवा येशू ख्रीष्टको नाउँमा काम गर्न मण्डली भेला हुँदा येशू ख्रीष्ट सधैँ उपस्थित हुनुहुन्छ (मत्ती १८:२०; मत्ती २८:२०)।

(४) येशू ख्रीष्टको राज्यको उदाहरणहरू।

यूहन्ना १६:७-१०,१३-१५ पढ्नुहोस्। ख्रीष्टले उहाँको पवित्र आत्मामार्फत बोल्न जारी राख्नुभयो। यूहन्ना ३:३-८; २ थेसलोनिके २:१३-१४; १ पत्रुस १:२ पढ्नुहोस्। ख्रीष्टले सुसमाचार प्रचारद्वारा प्रभावकारीरूपमा मानिसहरूलाई बोलाउनुहुन्छ, उनीहरूलाई नयाँ जन्म दिनुहुन्छ, बचाउनुहुन्छ, छुटकारा दिनुहुन्छ र उनीहरूलाई पवित्र तुल्याउनुहुन्छ।

एफिसी ४:७ पढ्नुहोस्। ख्रीष्टले आफूले निश्चित गर्नुभएअनुसार नै इसाईहरूलाई आत्मिक वरदानहरू दिएर सुसज्जित पार्नुहुन्छ।

मर्कूस १३:३४; १ कोरिन्थी ३:६; १ कोरिन्थी १२:५-७ पढ्नुहोस्। ख्रीष्टले संसारका मण्डलीका हरेक इसाईलाई निश्चित कार्य तोकिदिनुहुन्छ।

---

[40] ग्रीक : क्याथोलिकोस (विश्वव्यापी), रोमन क्याथोलिक होइन (यो मण्डली सम्प्रदाय हो)। नोट: पोप पृथ्वीमा ख्रीष्टको प्रतिनिधि होइनन् र रोमन क्याथोलोक विश्वव्यापी मण्डली होइन - यो पनि अरू सबै सम्प्रदायहरूजस्तै एक सम्प्रदाय मात्र हो।

एफिसी १:२०-२२ पढ्नुहोस्। ख्रीष्ट मण्डलीको शिर हुनुहुन्छ र उहाँले सबैमा सबैथोक पूरा गर्नुहुन्छ। तर यी सबै क्षेत्रहरूमा इसाईहरूको पनि व्यक्तिगत र पारस्परिक जिम्मेवारी हुन्छ। उनीहरूले आफ्ना जिम्मेवारीहरूलाई बेवास्ता गरे भने उनीहरूले आफ्नो जीवनमा अथवा मण्डलीमा ख्रीष्टको आत्माद्वारा उहाँको राज्यलाई अनुभव गर्नेछैनन्!

सारंश : येशू ख्रीष्ट विश्वव्यापी र संसार हरेक स्थानीय मण्डलीका संस्थापक, मालिक र शिर हुनुहुन्छ, अहिले अनि सदाको लागि! उहाँ मात्रै विश्वव्यापी मण्डली र हरेक स्थानीय मण्डलीको साँचो र अनन्तका अगुवा हुनुहुन्छ। उहाँले बाइबलद्वारा, पवित्र आत्माद्वारा र एल्डरहरूको परिष्द्द्वारा आफ्नो अधिकार अभ्यास गर्नुहुन्छ।

ग. मण्डलीका स्थापकहरू : प्रेरितहरू

१. येशू ख्रीष्टका प्रेरितहरूले येशू ख्रीष्टबाट अद्वितीय बोलावट पाए।

मर्कूस ३:१३-१९ पढ्नुहोस्। येशू ख्रीष्टका प्रेरितहरूलाई कुनै सम्प्रदाय, कार्डिनलहरूको परिषद्, मण्डली अगुवाहरूको प्रतिनिधि सभाद्वारा छानिएको, बोलाइएको अथवा नियुक्त गरिएको थिएन तर व्यक्तिगतरूपमा येशू ख्रीष्टद्वारा बोलाइएको थियो (मर्कूस ३:१३-१५; यूहन्ना १७:१८; यूहन्ना २०:२१)। उनीहरू मानिसहरूको अद्वितीय समूह थिए किनभने येशू पृथ्वीमा नै हुँदा उनीहरूलाई व्यक्तिगतरूपमा छान्नुभएको, बोलाउनुभएको, सुसज्जित पार्नुभएको र उहाँको साक्षी हुनको निम्ति पठाउनुभएको थियो।

बाइबलीय इतिहासमा पावल मात्र येशू ख्रीष्टका यस्ता प्रेरित हुन्, जसलाई येशू ख्रीष्टले उहाँको स्वर्गारोहणपछि बोलाउनुभयो (प्रेरित ९:१-१९; प्रेरित २२:१-२१; प्रेरित २६:१-२९; १ कोरिन्थी ९:१-२; रोमी १:१)। आफूलाई येशू ख्रीष्टका आजका प्रेरितहरू हौँ भनी दाबी गर्ने मानिसहरूलाई झूटा हुन् भनी प्रकट गरिदिनुपर्दछ (२ कोरिन्थी ११:१-१५; प्रकाश २:३)।

२. येशू ख्रीष्टका प्रेरितहरूले ऐतिहासिक मण्डलीमा अद्वितीय काम पाए।

कुनै 'निमन्त्रणा'लाई अस्वीकार गर्न सिकिन्छ, तर बोलावटलाई भने अनाज्ञाकारी नभइकन अस्वीकार गर्न सकिँदैन। येशू ख्रीष्टद्वाराको बोलावटलाई व्यक्तिगतरूपमा पालन गरिनुपर्दछ (प्रेरित ९:१५; प्रेरित २२:१४-१५; प्रेरित २६:१६-१८; रोमी १:१४; १ कोरिन्थी ९:१; गलाती २:७-९)। "सुसमाचार प्रचार गरिनँ भने मलाई धिक्कार छ" (१ कोरिन्थी ९:१६)! येशू ख्रीष्टका प्रेरितहरूलाई ऐतिहासिक मण्डलीभित्र यो अद्वितीय कामको लागि व्यक्तिगतरूपमा बोलाइएको थियो।

(१) येशू ख्रीष्टका प्रेरितहरू येशू ख्रीष्टका अद्वितीय साक्षीहरू थिए।

येशू ख्रीष्टका प्रेरितहरू उहाँलाई अनि उहाँको मृत्यु र पुनरुत्थानलाई देख्ने र सुन्ने साक्षीहरू थिए (लूका २४:४५-४८; प्रेरित १:२१-२२; प्रेरित २६:१६,२३)

(२) येशू ख्रीष्टका प्रेरितहरू बाइबलका अद्वितीय लेखकहरू थिए।

येशू ख्रीष्टले प्रतिज्ञा गर्नुभएको थियो, कि पवित्र आत्माले उहाँका चेलाहरूलाई (पछि: प्रेरितहरूलाई) उहाँले भन्नुभएका कुराहरू याद दिलाउनुहुनेछ (यूहन्ना १४:२६) र उनीहरूलाई सबै सत्यतामा डोऱ्याउनुहुनेछ (यूहन्ना १६:१२-१५)। मत्तीको सुसमाचार र यूहन्नाको सुसमाचार येशू ख्रीष्टका प्रेरितहरूद्वारा लेखिएको थियो। मर्कूसको सुसमाचार र लूकाको सुसमाचार प्रेरितहरू, पत्रुस र पावलका सहकर्मीहरूद्वारा लेखिएको थियो। २१ वटा पत्रहरूमध्ये १८ वटा प्रेरित पावल, पत्रस, र यूहन्नाद्वारा लेखिएका थिए। अनि प्रकाशको पुस्तक प्रेरित यूहन्नाद्वारा लिपिबद्ध गरिएको थियो। बाइबलमा कसैले थप्न वा घटाउन पाउँदैन (प्रकास २२:१८-१९)!

(३) येशू ख्रीष्टका प्रेरितहरू मण्डलीका अद्वितीय स्थापकहरू थिए।

येशू ख्रीष्टका प्रेरितहरूले यहूदीहरूलाई सुसमाचार घोषणा गरे र यहूदीहरूका बीचमा नै पहिलो मण्डली स्थापना गरे (प्रेरित २:१४,३७-४२)। उनीहरू सामरीहरूका (अर्ध-यहूदीहरूका) बीचमा मण्डली स्थापना गर्न आतुर थिए (प्रेरित ८:१४-१७; प्रेरित ९:३१)। अन्तमा उनीहरूले अन्यजातिहरूलाई (गैर-यहूदीहरूलाई) सुसमाचार घोषणा गरे अनि तिनीहरूको बीचमा पहिलो मण्डली कैसरियामा (प्रेरित १०:२४-२५; प्रेरित ११:१४-१८), साइप्रस र टर्कीमा (प्रेरित १३-१४ अध्याय) स्थापना गरे। यसरी येशू ख्रीष्टका एघार जना चेलाहरू र पावलले बाइबलमा भएका मानिसहरूका तीन मुख्य-मुख्य समूहहरूका माझमा इतिहासमै पहिलो स्थानीय मण्डलीहरू स्थापना गरे।

- यहूदीहरूका माझमा (यहूदाको दक्षिणी राज्यका सन्तानहरू)
- अर्ध-यहूदी अथवा सामरीहरूका माझमा (इस्राएलको उत्तरी राज्यका मिश्रित सन्तानहरू)

- अयहूदी अथवा अन्यजातिहरूका माझमा (परमेश्वरको पुरानो करारका मानिसहरूभन्दा बाहिरका जातिहरू, प्रेरित १:८; प्रेरित ९:३१)।

उनीहरू ऐतिहासिक मण्डलीका स्थापकहरू थिए - उनीहरू ऐतिहासिक मण्डलीका जग थिए, जसलाई येशू ख्रीष्टले निर्माण गर्नुभयो (मत्ती १६:१८-१९; मत्ती १८:१८; एफिसी २:२०; प्रकाश २१:१४)।

(४) येशू ख्रीष्टका प्रेरितहरू अद्वितीय मण्डली अगुवाहरू नियुक्त गर्ने व्यक्तिहरू थिए।
येशू ख्रीष्टका प्रेरितहरूले मण्डलीका प्रथम डिकनहरू नियुक्त गरे (प्रेरित ६:१-७)। अगमवक्ताहरूका साथमा उनीहरूले प्रथम डिकनहरू पनि नियुक्त गरे (प्रेरित १४:२३; तीतस १:५)। बारनाबास, तिमोथी, तीतस र सिलासजस्ता 'अगमवक्ताहरू अथवा प्रचारकहरू'ले प्रेरितहरूलाई उनीहरूका कार्यमा सहायता गरे (प्रेरित १५:३२)।

३. येशू ख्रीष्टका प्रेरितहरूको ऐतिहासिक मण्डलीभित्र अद्वितीय अधिकार र शक्ति थियो।

मत्ती १६:१८-१९; मत्ती १८:१८; यूहन्ना २०:१९-२३; प्रेरित १:८ पढ्नुहोस्। येशू ख्रीष्टका प्रेरितहरूले आफ्नो कार्य गर्नका लागि पवित्र आत्माको विशेष शक्ति पाए, जसलाई उनीहरूमाथि बतासको झोक्का बगेको कुराबाट सङ्केत गरिएको छ। उनीहरूका कार्यमा निम्नलिखित कुराहरू संलग्न थिए:

- पुनरुत्थान हुनुभएका येशू ख्रीष्टको बारेमा देखेका र सुनेका कुराहरूको साक्षी बन्नु
- इसाई मण्डली इतिहासको सुरुवातमा सत्यको घोषणा गर्नु
- नयाँ करारमा सत्यलाई लिपिबद्ध गर्नु
- यहूदीहरू, अर्ध-यहूदीहरू र गैर-यहूदीहरूका बीचमा पहिलो स्थानीय मण्डलीहरू स्थापना गर्नु
- र स्थानीय मण्डलीहूमा प्रथम अगुवाहरू (एल्डरहरू) नियुक्त गर्नु

यसैकारण, येशू ख्रीष्टका प्रेरितहरूलाई विश्वव्यापी मण्डलीको जग पनि भनियो (एफिसी २:२०; प्रकाश २१:१४)।

उनीहरूले विशेष अधिकार पनि प्राप्त गरे:

- उनीहरूका प्रचार र शिक्षाद्वारा इसाई मण्डलीको सिद्धान्त निर्धारण गर्ने (प्रेरित १५:२८-२९; २ तिमोथी १:१३-१४)।
- उनीहरूका शिक्षाहरू पालन गर्न इसाईहरूलाई आदेश दिने (प्रेरित १६:४; रोमी ६:१७; २ कोरिन्थी १०:४-७; २ थेसलोनिके ३:१४)।
- मानिसहरूलाई परमेश्वरको राज्यमा प्रवेश गराउने अथवा त्यसबाट बाहिर निकाल्ने (प्रेरित ८:१४-१६; प्रेरित ५:१-११; १ कोरिन्थी ५:१३)।
- र प्रेरितहरूको असाधारण चिन्हहरू देखाउने (मर्कूस १६:२०; २ कोरिन्ती १२:१२; हिब्रू २:३-४)।

४. येशू ख्रीष्टका प्रेरितहरूले आफ्नो जीवनकालमा मण्डलीहरूमा एल्डरको काम गरे।

१ पत्रुस ५:१ मा प्रेरित पत्रुसले आफूलाई एसियाको (टर्कीको) प्रान्तको मण्डलीहरूका सङ्गी-एल्डर भनी सम्बोधन गरे। पत्रुसले अइसाईहरूलाई प्रचार गर्दा, यहूदीहरू, अर्ध-यहूदीहरू र अयहूदीहरूका बीचमा मण्डली स्थापना गर्दा अनि नयाँ करारका पत्रहरू लेख्दा उनले 'येशू ख्रीष्टका प्रेरित' (येशू ख्रीष्टको साक्षी हुनका लागि उहाँले पठाउनुभएको व्यक्ति) को रूपमा काम गरे (मत्ती १६:१८; यूहन्ना १६:१३-१५)। तर पत्रुस स्थानीय मण्डलीमा रहँदा र काम गर्दा उनले स्थानीय एल्डरहरूमध्येका एक एल्डरको रूपमा नै काम गरे (१ पत्रुस ५:१)। अरू प्रेरितहरूले पनि एल्डरहरूको रूफमा काम गरे (प्रेरित ६:४; २ यूहन्ना १; ३ यूहन्ना १)। तर उनीहरूको प्रमुख कार्य सबै राष्ट्रहरूमा येशू ख्रीष्टका चेलाहरू बनाउनु र अझ बढी स्थानीय मण्डलीहरूमा स्थापना गर्नु भएको कारणले गर्दा, उनीहरूले आफ्ना मण्डलीहरूमा स्थानीय मानिसहरूलाई नै 'एल्डरहरू' बन्नको लागि नियुक्त गरे (प्रेरित १४:२३; तीतस १:५)। त्यसपश्चात् उनीहरूले ती एल्डरहरूका परिषद्हरूमाथि कहिल्यै प्रभुत्व जमाएनन्!

५. येशू ख्रीष्टका प्रेरितहरू मण्डलीहरूको प्रेरितहरूभन्दा फरक हुनैपर्छ।

'मण्डलीहरूका प्रेरितहरू' मण्डलीका प्रतिनिधिहरू अथवा सन्देशवाहकहरू थिए (२ कोरिन्थी ८:२३; फिलिप्पी २:२५) अथवा अझ व्यापक अर्थमा उनीहरूले नयाँ मण्डलीहरू स्थापना गरेका कारण उनीहरू येशू र उहाँको सेवकाइलाई प्रतिनिधित्व गर्ने 'मिसेनरीहरू' थिए (प्रेरित १४:१-४; १ थेसलोनिके २:६-७)।

'प्रेरतिहरू' बन्ने आत्मिक वरदान पाउने मानिसहरू (१ कोरिन्थी १२:२८; एफिसी ४:११-१६) स्पष्टरूपमा नै मण्डलीलाई अगुवाइ गर्न नियुक्त भएका होइनन्, तर इसाईहरूलाई मण्डलीका तिनका सेवाका कामहरूका लागि सुसज्जित पारेर मण्डलीलाई सेवा गर्न नियुक्त भएका हुन्। मण्डलीमा भएका यी प्रेरितहरू, अगमवक्ताहरू, सुसमाचार प्रचारकहरू, गोठालाहरू र शिक्षकहरू सबैले मण्डलीका एल्डरहरूको परिषद्को मुनि रहेर काम गर्नुपर्दछ (१ तिमोथी ५:१७)। प्रेरित पत्रुसले समेत आफूले सेवा गरेको मण्डलीमा 'एल्डर'को रूपमा काम गरे (१ पत्रुस ५:१-२)।

६. येशू ख्रीष्टका प्रेरितहरू झूटा प्रेरितहरूभन्दा फरक हुनैपर्छ।

येशू ख्रीष्टका प्रेरितहरूले इसाईहरूलाई झूटा प्रेरितहरूदेखि सतर्क रहन चेताउनी दिए, जसले आफैलाई येशू ख्रीष्टका प्रेरितहरू समान छौँ भनी दाबी गर्थे। झूटा प्रेरितहरूलाई प्रकट गरेर तिनीहरूको विरोध गरिनुपर्छ (२ कोरिन्थी ११:१-१५; प्रकाश २:२; ३ यूहन्ना ९-१० सँग तुलना गर्नुहोस्)!

७. येशू ख्रीष्टका प्रेरितहरूका कुनै उत्तराधिकारीहरू थिएनन्।

प्रेरित १:२१-२७; (एफिसी २:१९-२०; एफिसी ३:४-५; प्रकाश २१:१४) पढ्नुहोस्।
येशू ख्रीष्टका प्रेरितहरूमा येशू ख्रीष्टका एघार जना चेलाहरू (लूका २४:९,३३) र प्रेरित पावल (प्रेरित २२:१४; प्रेरित २६:१५-१८; १ कोरिन्थी १:१; १ कोरिन्थी ९:१) सामेल थिए। ऐतिहासिक मण्डलीपछिका बिशपहरू, प्याट्रिआर्कहरू र पोपहरूजस्तो 'येशू ख्रीष्टका प्रेरितहरू'का कुनै उत्तराधिकारीहरू थिएनन्, किनभने प्रेरित १:२१-२२ ले देखाउँछ, कि पछिको इतिहासका कोही पनि त्यसको लागि योग्य ठहरिनेछैन। येशू ख्रीष्टका प्रेरितहरूको सङ्ख्या सधैँ यी बाह्र जनामा नै सीमित रहनेछ (प्रकाश २१:१४)!

बाइबलले 'प्रेरितीय उत्तराधिकार'को बारेमा सिकाउँदैन अर्थात् पत्रुस प्रथम बिशप र पोप थिए र मण्डली इतिहासमा अरू बिशपहरू र पोपहरूले उनको उत्तराधिकार लिनुपर्छ भन्ने बारेमा सिकाउँदैन! मत्ती १६:१९-१९ मा प्रेरित पत्रुसलाई दिइएको अधिकार यूहन्ना २०:२१-२३ मा येशू ख्रीष्टका अरू प्रेरितहरूलाई पनि दिइएको छ। 'येशू ख्रीष्टका प्रेरितहरू' येशू ख्रीष्टका एघार चेलाहरू र प्रेरित पावलमा नै सीमित रहन्छ। इतिहासमा येशू ख्रीष्टको 'प्रधान पूजाहारी' वा 'प्रेरित' (हिब्रू ३:१-६), अथवा 'बिशप' (१ पत्रुस २:२५) अथवा विश्वव्यापी मण्डलीका 'शिर'का रूपमा कसैले पनि उत्तराधिकार लिन सक्दैन!

घ. मण्डली नियुक्त (अभिषेक) गरिएका अगुवाहरू

पुरानो करारको समयमा परमेश्वरले अगमवक्ताहरू, मुख्य पूजाहारी, पूजाहारीहरू र लेवीहरू र राजाहरू नियुक्त गर्नुभएको इस्राएलमा तहगत प्रणाली (शासन गर्ने अगुवाहरूको पिरामिड संरचना) लागू गर्न होइन तर मानिसहरूलाई विभिन्न आत्मिक कार्यहरूमा सेवा गर्नको लागि हो।

- अगमवक्ताहरूले मानिसहरूलाई परमेश्वरका वचनहरू प्रचार गरेर उनीहरूसामु परमेश्वरको प्रतिनिधित्व गरे।
- पूजाहारीहरूले बलिदानहरू र प्रार्थनाहरूद्वारा परमेश्वरका सामु परमेश्वरका मानिसहरूको प्रतिनिधित्व गरे।
- राजाहरूले आफ्ना धार्मिक कार्यहरूद्वारा मानिसहरूसामु परमेश्वरको प्रतिनिधित्व गरे।

इस्राएलीहरूले अरू सबै राष्ट्रहरूका झैँ राजाको माग गर्दा वास्तवमा उनीहरूले परमेश्वरलाई उनीहरूका एकमात्र राजाको रूपमा अस्वीकार गरे (१ शमूएल ८ अध्याय)।

१. पुरानो करारमा इस्राएलीहरूको समयकालका एल्डरहरू।

प्रस्थान ३:१६; प्रस्थान १८:१७-२६; व्यवस्था १:९-१८; व्यवस्था ३१:२८; भजन १०७:३२ पढ्नुहोस्।

परमेश्वरको पुरानो करारको मण्डली (इस्राएलका मानिसहरू) इ.पू. १४४७ मा नै अस्तित्वमा थियो (प्रस्थान ३:१८; प्रस्थान ४:२९)। 'एल्डरहरू' परमेश्वरको पुरानो करारको मण्डलीका नियुक्त गरिएका अगुवाहरू थिए र उनीहरूमा बाह्र कुलका धर्मगुरुहरू (व्यवस्था ३१:२८; १ शमूएल ४:३; एज्रा ६:७; यर्मिया ९:१) र कुलहरूका परिवारका प्रमुखहरू (२ शमूएल १२:१७) सामेल थिए। पछि जब इस्राएलीहरू पलिस्तमा बसे, हरेक सहर र नगरका आफ्नै एल्डरहरू भए (व्यवस्था २१:३; रूथ ४:२; हितोपदेश ३१:२३)।

ती एल्डरहरू मानिसहरूद्वारा नै छानिन्थे (व्यवस्था १:१३; प्रस्थान ३:१६; प्रस्थान १८:१३-२६; गन्ती ११:१६-१७; व्यवस्था १:९-१८)। उनीहरूलाई उनीहरूका दक्षता, परमेश्वरप्रतिको विश्वास, विश्वासयोग्यता, इमानदारिता, अगुवापनको क्षमता, बुद्धि, बुझाइ र अनुभवका आधारमा छानिन्थ्यो र नियुक्त गरिन्थ्यो। उनीहरूको काम हजार, सय, पचास र दश जना मानिसहरूका समूहहरूलाई तिनका क्षमता र अनुभवअनुसार अगुवाइ गर्नु थियो। उनीहरूले विशेषगरी न्याय कायम गर्नका लागि न्यायकर्ताको रूपमा काम गर्नु पर्थ्यो।

२. पुरानो करारको फारसी, ग्रीक र रोमी समयकालका एल्डरहरू

इस्राएलमा विदेशी राजनैतिक शक्तिहरूले राज्य गर्दा (इ.पू. ५९७ देखि) एल्डरहरूको व्यवस्था तहगत अगुवापनको संरचनातर्फ अघि बढ्यो, जसमा आफ्नो अधिकार चलाउने अगुवाहरू थिए। यो ऐतिहासिक सन्दर्भ प्रमाणित छैन!

(१) फारसी साम्राज्यको समय (इ.पू. ५५९ देखि)

बेबिलोनी निर्वासनपछि (इ.पू. ५३८) फारसी साम्राज्यको समयमा मात्र एज्राको अगुवाइमा प्रशासनिक अङ्ग खडा गरिएको थियो, जसमा हाकिमहरू र न्यायकर्ताहरू समावेश थिए (एज्रा ७:२५-२६; एज्रा १०:१४)।

(२) ग्रीक-सेलुसिन साम्राज्यको समय (इ.पू. ३१२ देखि)

यो समयको अर्को प्रशासनिक अङ्ग 'एल्डरहरूको परिषद्' (ग्रीक: जेनुसिया) खडा गरिएको थियो, जसमा एल्डरहरू, मुख्य पूजाहारी र पूजाहारीहरू समावेश थिए। यसले मानिसहरूको प्रतिनिधित्व गर्थ्यो (१ मकाबिस १२:६)। यसरी सारा यहूदी राष्ट्रमाथि अधिकार गर्ने एउटा अङ्ग थियो।

(३) रोमी साम्राज्यको समय (इ.पू. पहिलो शताब्दीदेखि)

यस समयमा हरेक जिल्लाको आफ्नै 'एल्डरहरूको परिषद्' थियो। यसैले त्यहा अति धेरै एल्डरहरूको परिषद्हरू भए। तर रोमी राज्यपालहरूका समयमा यरूशलेमको एल्डरहरूको परिषद् सबैभन्दा शक्तिशाली भयो र यसलाई 'महासभा' भनिन्थ्यो। यसमा एल्डरहरू, वर्तमान र भूतपूर्व मुख्य पूजाहारीहरू र व्यवस्थाका शिक्षकहरू समावेश थिए (मत्ती १६:२१)। 'एल्डरहरू' महासभामा मानिसहरूका अगुवाहरू थिए र यिनमा यरूशलेमका उच्च वर्गका परिवारहरू संलग्न थिए। रोमी सरकारले यहूदी महासभालाई कर, राजनैतिक र सैनिक मामिलाबाहेकका सबै आन्तरिक मामिलामा अधिकार दियो। प्रवासमा रहने यहूदीहरूले पनि महासभाको समर्थन गर्थे (प्रेरित २२:५)।

३. नयाँ करारको समयमा यहूदी मण्डलीहरूका एल्डरहरू

नयाँ करारमा हामीले प्रेरितहरूको नियुक्ति (मर्कूस ३:१३-१९) र डिकनहरूको नियुक्ति (प्रेरित ६:१-७) को बारेमा पढ्छौँ तर यहूदीहरूका माझमा मण्डलीमा एल्डरहरूको नियुक्तिका बारेमा भने पढ्न पाउँदैनौँ। यरूशलेमको मण्डलीको एल्डरहरूका बारेमा पहिलोपटक प्रेरित ११:३० र प्रेरित १५:२ मा उल्लेख गरिएको छ, तर उनीहरूको नियुक्तिको बारेमा भने कतै उल्लेख गरिएको छैन। यो अवस्था यसकारण भयो, कि 'एल्डरहरू' इस्राएलमा पहिले नै 'अस्तित्वमा रहेका नेतृत्वको कार्यभार' रहेका थिए।

पेन्तिकोसको समयमा येशू ख्रीष्टका चेलाहरूको सानो समूह परमेश्वरको मण्डलीमा वृद्धि भयो (प्रेरित २:४१-४२)। येशू ख्रीष्टका प्रेरितहरूले यहूदीहरूका बीचमा पहिलो मण्डलीहरू स्थापना गर्दा यहूदी मण्डलीहरूमा एल्डरहरूको पुरानो करारको संस्था कायम थियो। यसकारण प्रेरितहरूको पुस्तकमा हामीले यरूशलेम मण्डलीमा वा अरू यहूदी मण्डलीहरूमा एल्डरहरूको औपचारिक नियुक्तिको बारेमा पढ्न पाउँदैनौँ। यसकारण 'एल्डरहरू' परमेश्वरको नयाँ करारको मण्डलीमा अगुवापनको कार्यभार पनि थिए। सम्भवत: यी एल्डरहरू पुरानो करारमा जस्तै गरी छानिन्थे अर्थात् परिवारका प्रमुखहरू र प्रभावशाली अरू व्यक्तिहरूबाट। सम्भत: उनीहरूलाई पुरानो करारमा एल्डरहरू र नयाँ करारमा डिकनहरू छानिएजस्तै छानिन्थ्यो अर्थात् मानिसहरूबाट नै छानिन्थ्यो (व्यवस्था १:१३; प्रेरित ६:१-७)।

लूका (प्रेरित ६:४), पत्रुस (१ पत्रुस ५:१) र यूहन्ना (३ यूहन्ना १) ले स्पष्टसँग देखाउँछन् कि येशू ख्रीष्टका प्रेरितहरूले स्थानीय मण्डलीहरूमा एल्डरका रूपमा काम गर्थे। एल्डरहरूका सबैभन्दा महत्वपूर्ण कार्यहरू 'प्रार्थना र वचनको सेवकाइ' थिए (प्रेरित ६:४)। डिकनहरूलाई पनि छानिएको थियो तर मण्डलीलाई अगुवाइ गर्न नभई मण्डलीभित्रका केही महत्वपूर्ण कार्यहरूमा (सेवाहरूमा) अगुवाइ गर्नको लागि थियो।

ख्रीष्टको विश्वव्यापी शरीरमा सारा संसारभरिका धेरै स्थानीय झुण्डहरू समावेश थिए। ती झुण्डहरू घरघरमा भेट्ने गर्थे (१ कोरिन्थी १६:१९) र आत्मनिर्भर थिए : 'यरूशलेमको मण्डली' (प्रेरित ११:२२), 'एन्टिओखियाको मण्डली' (प्रेरित ११:२५), 'सिरिया र किलिकियाको मण्डली' (प्रेरित १५:४१), कैसरियाको मण्डली (प्रेरित १८:२२), 'एफिससको मण्डली (प्रेरित २०:१७) र 'प्रिस्किला र अकिलासको घरमा भेट्न मण्डली' (रोमी १६:५)। ती आत्मनिर्भर मण्डलीहरूको एल्डरहरूको परिषद् मात्र थियो, एल्डरहरूको माथि कुनै छाता-संगठन भने थिएन! येशू ख्रीष्ट मात्र स्थानीय मण्डली र विश्वव्यापी मण्डलीमाथि शिर हुनुहुन्थ्यो।

४. नयाँ करारको समयमा अन्यजाति मण्डलीहरूका एल्डरहरू

प्रेरित १४:२३; तीतस १:५ पढ्नुहोस्। अयहूदी (अन्यजाति) मण्डलीहरूमा भएका एल्डरहरूको संस्था स्पष्टसँग प्रेरितको पुस्तकसँग सम्बन्धित छ किनभने यहूदीहरूले जसरी अन्यजातिहरूले एल्डरहरूको संस्थाको बारेमा जानेका थिएनन्। यसैकारण, अन्यजातिहरूका बीचमा मण्डलीहरू स्थापना गर्ने येशू ख्रीष्टका प्ररितहरू र तिनका सहकर्मीहरूले नै उनीहरूको हरेक मण्डलीमा एल्डरहरू नियुक्त गरे (प्रेरित १४:२३) र हरेक सहरमा एल्डरहरू नियुक्त गरे (तीतस १:५)। स्थानीय मण्डलीहरूलाई अगुवाइ गर्नका लागि एल्डरहरू नियुक्त गरिएका थिए (प्रेरित २०:१७,२८; १ तिमोथी ५:१७)। उनीहरूले कहिले पने एक जनालाई मात्र अगुवाको रूपमा नियुक्त गरेनन्, जसरी आधुनिक समयमा गर्ने गरिन्छ; जस्तै: पूजाहारी, सेवक अथवा पास्टर आदि। उनीहरूले मण्डली अगुवाइ गर्नको लागि सधैँ एकभन्दा बढी एल्डरहरूल नियुक्त गरे (प्रेरित १४:२३; १ तिमोथी ५:७; १ पत्रस ५:२-३)। एल्डरहरूको समूहलाई 'एल्डरहरूको समूह अथवा परिषद् (ग्रीक: प्रेस्बुटेरियन) भनिन्थ्यो (१ तिमोथी ४:१४)।

मण्डलीको अगुवापनमा कहिले पनि तहगत प्रणाली हुँदैन तर सधैँ बाँडिएको अगुवापन हुन्छ।
मण्डलीको अगुवापनले कहिले पनि मानिसहरूमाथि प्रभुत्व गर्नु हुँदैन, तर सधैँ सेवकको अगुवापन हुन्छ!

'नियुक्त गर्नु'को शाब्दिक अर्थ: 'हात उठाएर छान्नु' (ग्रीक : चेइरोटोनियो) हो, तर यहाँ यसलाई 'चुनाउ गर्नु' बनी अर्थ लगाउन मिल्दैन, किनभने यो काम पावल र बारनाबासको (मण्डलीको सदस्यहरूको होइन) अधिकारमा छ। यस शब्दको सरल अर्थ नियुक्तिको कुनै प्रक्रियाको सयायताबिना नै 'छान्नु', 'नियुक्त गर्नु' अथवा 'खटाउनु' हो। यसकारण हामी अनुमान लगाउन सक्छौँ, कि एल्डरहरू छान्ने प्रक्रिया डिकनहरूलाई छान्ने प्रक्रियाजस्तै थियो, अर्थात् ...

- साधारण इसाईहरूले (मण्डलीका सदस्यहरूले) बाइबलीय योग्यताको आधारमा एल्डरहरू छान्थे
- अनि प्रेरितहरूले (जसले त्यस समयमा वर्तमान एल्डरहरूका रूपमा कार्य गर्थे) तिनलाई नियुक्त गर्थे (प्रेरित ६:५-६)।

नयाँ करारको मण्डलीमा अगुवापन कहिले पनि प्रजातान्त्रिक (चुनावद्वारा) हुँदैन तर सधैँ बाइबलीय योग्यताहरूका आधारमा हुन्छ!

यसकारण एल्डरहरू (ग्रीक: प्रेस्बुटेरोइ) मण्डलीका नियुक्त गरिएका अगुवाहरू हुन् (तीतस १:५) र एल्डरहरूको परिषद् (ग्रीक : प्रेस्बुटेरियोन) हरेक स्थानीय मण्डलीको नियुक्त गरिएको आधिकारिक अगुवापनको अङ्ग हो (१ तिमोथी ४:१४)।

५. नयाँ करारको शिक्षाहरूमा एल्डरहरू

येशू ख्रीष्टका प्रेरितहरूले र उनीहरूका सहकर्मीहरूले आत्मनिर्भर मण्डलीहरूमा एल्डरहरूलाई अगुवाहरूको रूपमा नियुक्त गरे (प्रेरित १४:२३; तीतस १:५)। आज पनि एल्डरहरू आत्मनिर्भर स्थानीय मण्डलीहरूमा नियुक्त भएका अगुवाहरू हुनुपर्दछ! येशू ख्रीष्टका प्रेरितहरूका उत्तराधिकारीहरू पाउन नसकिने हुनाले (प्रेरित १:२१-२२) येशू ख्रीष्टका प्रेरितहरूले एल्डरहरूका योग्यता र नियुक्तिका बारेमा दिएका लिखित निर्देशनहरूका आधारमा आत्मनिर्भर मण्डलीहरूले आफ्ना एल्डरहरू छान्थे (प्रेरित २०:१७,२८; १ तिमोथी ३:१-७,१४,१५; १ तिमोथी ५:१७-२०; तीतस १:५-९; १ पत्रुस ५:१-४)।

परमेश्वरले पवित्र आत्मा मार्फत (तिनीहरूका योग्यताहरू र कार्य-विवरणका बारेमा बाइबलमा भएका उहाँका लिखित निर्देशनहरूद्वारा) एल्डरहरू नियुक्त गर्नुहुन्छ। प्रेरित पावलले एफिससको मण्डलीका एल्डरहरूलाई[41] (ग्रीक: प्रेस्बुटेरोइ) बोलाइपठाए र उनीहरूलाई भने, "तपाईंहरू आफ्ना निम्ति र आफ्नो समस्त बगालको निम्ति सावधान रहनुहोस् (ग्रीक:

[41] 'एल्डरहरू', केही बाइबलमा अनुवाद गरिएजस्तो, 'पूजाहारीहरू', 'पास्टरहरू' अथवा अगुवाहरू होइन।

प्रोसेचो) जसका जिम्मेवाल (ग्रीक: एपिस्कोपोइ) पवित्र आत्माले तपाईंहरूलाई बनाउनुभएको छ। उहाँले आफ्नै रगतले किन्नुभएको परमेश्वरको मण्डलीको हेरचाहा तपाईंहरू गर्नुहोस् (प्रेरित २०:२८)।

अनि प्रेरित पत्रुसले एसियाका (टर्कीका) मण्डलीहरूका एल्डरहरूलाई (ग्रीक: प्रेस्बुटेरोइ) लेखे, "तिमीहरूको देखरेखमा राखिएका (ग्रीक: एन् ह्युमिन) बगालको तिमीहरू गोठालाहरू (ग्रीक: पोइमाइनो) हुनुपर्छ, करले होइन तर स्वेच्छाले, जसरी परमेश्वरले चाहनुहुन्छ" (१ पत्रुस ५:२)।

यसरी प्रेरित पावल र प्ररित पत्रुस दुवैले सिकाउँछन्, कि स्थानीय मण्डलीका एल्डरहरू नै मण्डलीका अगुवाहरू हुन् (प्रेरित ११:१; प्रेरित १५:२,४,६,२२; प्रेरित १४:२३; प्रेरित २०:१७; १ तिमोथी ४:१४; १ तिमोथी ५:१७; तीतस १:५; १ पत्रुस ५:१) जसको कार्य मण्डलीका 'जिम्मेवालहरू', (बिशपहरू) र गोठालाहरू (पास्टरहरू) बन्नु हो (प्रेरित २०:१७,२८; १ तिमोथी ३:११; १ पत्रुस ५:२)। यसले यो कुरा पनि स्पष्टसँग देखाउँछ, कि नयाँ करारमा एल्डर, जिम्मेवाल र गोठालो शब्द एक-अर्काको साटोमा प्रयोग गर्न सकिन्छ।

पूजाहारीहरू, बिशप र पास्टर शब्दहरू वास्तविक ग्रीकबाट असल अनुवादहरू होइनन् किनभने यी अनुवाद गरिएका शब्दहरूले आजभोलि तहगत पदहरूलाई सङ्केत गर्दछन्! नयाँ करारमा यी शब्दहरूले शक्तिको तहगत ओहोदाहरूलाई सङ्केत गर्दैनन् बरु एल्डरको कार्यभारलाई सङ्केत गर्दछन्। ख्रीष्टपछिको दोस्रो र तेस्रो शताब्दीतिर मात्र यी शब्दहरूले कुनै न्यायबिना नै शक्तिको तहगत ओहोदाहरूलाई अभिव्यक्त गर्न थाले! निर्देशिका ४, परिशिष्ट १९ हेर्नुहोस्: "इसाई मण्डलीमा अगुवापनको ऐतिहासिक विकास।"

नयाँ करारमा अगुवाहरूको तहगत प्रणाली थिएन! त्यहाँ एल्डरहरूको समूह मात्र थियो, जसले एकसाथ एल्डरहरूको परिषद् निर्माण गर्थे, जसको मण्डलीलाई अगुवाइ गर्ने जिम्मेवारी बाँडिएको थियो। 'एल्डर' भन्ने शब्दले उसको आत्मिक परिपक्वता, अनुभव र उसले अभिप्रेरित गरेको सम्मानलाई अभिव्यक्त गर्दछ। जिम्मेवाल र गोठालो शब्दहरूले उसका जिम्मेवारीहरू वा कार्यहरूलाई सङ्केत गर्दछन्। स्थानीय मण्डलीमा भएका सबै एल्डरहरू मण्डलीका जिम्मेवालहरू र गोठालाहरू हुनैपर्छ। सबै एल्डरहरूले मण्डलीमा पास्टरीय, व्यवस्थापकीय र सिकाउने जिम्मेवारीहरू बाँड्छन्।

ङ. एल्डरहरूका लागि बाइबलीय योग्यता

१ तिमोथी ३:१-७; तीतस १:६-९ पढ्नुहोस्।
मानिसहरूले बाइबलीय योग्यताहरू पूरा गरे भने मात्र उनीहरूलाई एल्डरहरूका रूपमा छान्न र नियुक्त गर्न सकिन्छ।
यसलाई तीन भागमा बाँड्न सकिन्छ:

१. व्यवहार

ऊ संयमी हुनुपर्छ। ऊ इमानदार हुनुपर्छ, विशेषगरी पैसाको मामिलामा। उसको अभिप्राय आफैलाई समृद्ध तुल्याउन खोज्ने हुनुहुँदैन।

२. पारिवारिक जीवन

ऊ विशेषगरी सबै स्त्रीहरूसँगको सम्बन्धमा नम्रता र शुद्धताको उदाहरण हुनुपर्छ। ऊ विवाहित छ भनी आफ्नी पत्नीप्रति बफादार रहनुपर्छ। उसले आफ्ना सन्तानलाई ख्रीष्टप्रतिको विश्वास र आज्ञाकारितातर्फ डोऱ्याउनुपर्छ र आफ्न आमाबुबालाई आदर गर्न सिकाउनुपर्छ।

३. सेवकाइको दक्षताहरू (सीपहरू)

ऊ आत्मिकरूपमा परिपक्व हुनुपर्छ, यसकारण नयाँ इसाई हुनुहुँदैन। ऊ सही सिद्धान्तमा अडिग रहनुपर्छ र मानिसहरूलाई प्रचार गर्न, सिकाउन र डोऱ्याउनको लागि बाइबल प्रयोग गर्न योग्य हुनुपर्छ।

च. एल्डरहरूको बाइबलीय कार्यहरू

१. एल्डरहरूको परिषद्को पहिलो कार्य : परमेश्वरको बगालेको गोठालाहरू[42] र जिम्मेवालहरू[43] बन्नु।

प्रेरित ६:४; प्रेरित २०:१७,२८-३०; १ पत्रुस ५:१-२ पढ्नुहोस्।

एल्डरहरूको पहिलो कार्य परमेश्वरको बगालको गोठालाहरू (पास्टरहरू) र जिम्मेवालहरू बन्नु हो।

- उनीहरू परमेश्वरको मण्डलीको जिम्मावाल बन्नको लागि नियुक्त भएका हुन् (प्रेरित २०:२८)।
- उनीहरू परमेश्वरका बगालका गोठालाहरू हुन् (१ पत्रुस ५:२)।

स्थानीय मण्डलीमा एकजना मात्र अगुवा (जस्तै: पूजाहारी, पास्टर, गोठालो अथवा अगुवा) हुनुहुँदैन तर 'एल्डरहरूको परिषद्' हुनुपर्छ, जो एकसाथ अगुवापनको समूह हो।! हरेक एल्डर पास्टर हुनुपर्छ र उसको पास्टरीय जिम्मेवारीहरू हुन्छन्।

विश्वव्यापी मण्डलीको असल गोठालो र संरक्षकले येशू ख्रीष्टले झैँ एल्डरहरूले गोठालाहरूका रूपमा मण्डलीक देखरेख गर्नुपर्छ (भजन २३; यूहन्ना १०:१६; यूहन्ना १७ अध्याय; १ पत्रुस २:२५; १ पत्रुस ५:४)। एल्डरहरूले मण्डलीको सदस्यहरूलाई खुवाउनुपर्छ, उनीहरूको रक्षा गर्नुपर्छ, उनीहरूको हेरचाहा गर्नुपर्छ र उनीहरूको आत्मिक वृद्धि र भलाइका लागि उनीहरूको अगुवाइ गर्नुपर्छ। एल्डरहरूले आफ्नो काम इच्छुक भएर गर्नुपर्छ, मानिसहरूमाथि प्रभुत्व गर्ने व्यक्तिगतरूपमा होइन तर उदाहरणको रूपमा (१ पत्रुस ५:३-४) यसले मण्डली अगुवाहरूको अधिकार जमाउने व्यवहारलाई रोक्नेछ भनी आशा गर्न सकिन्छ। एल्डरहरूले आफ्नो कामलाई शक्तिको पद ओगट्ने होइन तर सेवा प्रदान गर्ने हिसाबले हेर्नुपर्छ।

हरेक एल्डरले अरू एल्डरहरूका साथसाथै मण्डलीका सदस्यहरूको पनि देखरेख गर्नुपर्छ (प्रेरित २०:२८)। यसप्रकार सदस्यहरू मात्र होइन, तर एल्डरहरू पनि आफ्ना व्यवहारको निम्ति जवाफदेही रहन्छन् (हिब्रू १३:१७)। एल्डरहरूले सदस्यहरूलाई झूटा शिक्षकहरूदेखि पनि बचाउनुपर्छ, जसले बाइबलको सत्यतालाई बङ्ग्याउँछन् र सदस्यहरूलाई आफ्नो पक्षमा लिन खोज्छन् (प्रेरित २०:२९-३१)। एल्डरहरूले कमजोरहरू र खाँचोमा परेका व्यक्तिहरू; जस्तै: टुहुराहरू र विधवाहरू, परदेशीहरू, शरणार्थीहरू र नयाँ विश्वासीहरूको हेरचाहा गर्नुपर्छ (१थेसलोनिके ५:१२-१४)। एल्डरहरू बिरामीहरूकहाँ गएर उनीहरूका निम्ति प्रार्थना गरिदिनुपर्छ (याकूब ५:१४)।

२. एल्डरहरूको परिषद्को दोस्रो कार्य : परमेश्वरको घरको अगुवाहरू[44] र व्यवस्थापकहरू[45] बन्नु।

१ थेसलोनिके ५:१२-१३; १ तिमोथी ३:४-५; १ तिमोथी ५:१७; तीतस १:७ पढ्नुहोस्।
एल्डरहरूको दोस्रो कार्य परमेश्वरको घरका अगुवाहरू र व्यवस्थापकहरू बन्नु हो।

- उनीहरूले आफू अगाडि (ग्रीक : प्रोहिस्टेमी) हिँडेर आफ्नो परिवारलाई र मण्डलीलाई अगुवाइ गर्नुपर्छ।
- उनीहरू परमेश्वरको घरको अर्थशास्त्री, भण्डारे (ग्रीक: ओइकोनोमस) जस्तै भएर व्यवस्थापन गर्नुपर्दछ (तीतस १:५)।

१ थेसलोनिके र १ तिमोथीमा एल्डरहरूको कार्यलाई 'आफू अगाडि हिँडेर अगुवाइ गर्नु', निर्देशन दिनु र उदाहरण बन्नु भनी वर्णन गरिएको छ। उसको अगुवापनको शैली उसको जिम्मामा रहेकाहरूमाथि अधिकार जमाउनु होइन, तर उनीहरूको निम्ति उदाहरण बन्नु हो (१ पत्रुस ५:२-३)। एल्डरले आफ्नो परिवारलाई डोऱ्याउन सकेन भने (१ तिमोथी ३:४-५) अथवा उसकी पत्नी अथवा सन्तानलाई अझ बढी उसको वास्ता चाहिएको छ भ ने उसले सेवकाइमा राजिनामा दिनुपर्छ ताकि उसले उनीहरूलाई आवश्यक मात्रामा वास्ता गर्न सकोस्। उसको घरका र मण्डलीका जिम्मेवारीहरूको बीचमा सन्तुलन हुनुपर्छ।

तीतसको पत्रमा एल्डरहरूको कार्यलाई 'परमेश्वरको घरको अर्थशास्त्री, भण्डारे, व्यवस्थापक अथवा प्रशासक बन्नु' भनी वर्णन गरिएको छ (ग्रीक: ओइकोस)। व्यवस्थापन गर्ने शैली भनेको सेवा गर्नु हो! एल्डरहरूको जिम्मेवारी स्थानीय मण्डलीका सम्पत्ति र गतिविधिहरूलाई व्यवस्थापन गर्नु हो। डिकनहरूलाई होइन तर एल्डरहरूलाई मण्डली अगुवाइ गर्ने र व्यवस्थापन गर्ने जिम्मा दिइएको छ।

---

[42] ग्रीक : पोइमेन; ल्याटिन : पास्टर

[43] ग्रीक : एपिस्कोपोस

[44] ग्रीक : प्रोहिस्टामेनस

[45] ओइकोनोमस

मानिसहरू र गतिविधिहरूका सम्बन्धमा निम्नलिखित कार्यहरू एल्डरहरूका जिम्मेवारीमा पर्छन्। निश्चितरूपमा एल्डरहरू मण्डलीका सदस्यहरूप्रति जिम्मेवार रहन्छन्, तर एल्डरहरूको यी कार्यहरूप्रति जिम्मेवार रहन्छन् र उनीहरू प्रभुप्रति र एल्डरहरूको परिषद्प्रति जवाफदेही हुन्छन्!

(१) एल्डरहरूले मण्डलीका सेवाहरू सञ्चालन गर्छन्।
उनीहरूले आराधना सेवाको रूपमा साप्ताहिक भेलाहरू र बाइबल अध्ययन, प्रार्थना र सङ्गतिका लागि साना भेटघाटहरू सञ्चालन र अगुवाइ गर्छन् (प्रेरित २:४२)। उनीहरूले नै बप्तिस्मा अनि प्रभु-भोज, मण्डलीका उत्सवहरू, विवाहहरू, मृत्यु-संस्कारहरू, भेटघाटहरू र बैठकहरूजस्ता विशेष सेवाहरू पनि सञ्चालन गर्छन्, जसले सदस्यहरूलाई सिक्न र सुसज्जित हुन मद्दत गर्दछ।

(२) एल्डरहरूले मण्डलीका मिसेनरी कार्यहरू सञ्चालन गर्छन्।
समाजमा र यहाँका संस्थाहरू; जस्तै: विद्यालयहरू, क्लबहरू र सरकारमा राम्रो प्रभाव पार्न (मत्ती ५:१४-१६) र परिवारहरूभित्र र बाहिर सुसमाचार प्रचार गर्न (मत्ती १०:३२-३७; प्रेरित ५:४२) का लागि उनीहरूले मण्डलीका सदस्यहरूलाई संसारका मानिसहरूको निम्ति प्रार्थना गर्न उत्साहित गर्छन् (१ तिमोथी २:१-२)। उनीहरूले अरू प्रान्तहरू र देशहरूमा मिसनका कामहरू अघि बढाउँछन्। उनीहरूले थिचोमिचो र सतावटमा परेका मण्डलीहरू र अरू इसाई संगठनहरूलाई पनि सहायता गर्छन् (रोमी १५:२३-२४; फिलिप्पी १:५; फिलिप्पी ४:१५-१६; ३ यूहन्ना ५-८) (२ कोरिन्थी ८ अध्याय पढ्नुहोस्)।

(३) एल्डरहरूले मण्डलीमा तालिमका कार्यक्रमहरू सञ्चालन गर्छन्।
उनीहरूले ग्रहण गर्न र बप्तिस्मा लिन तयार भएका मानिसहरूको समूहलाई अगुवाइ गर्छन्। सबै नयाँ विश्वासीहरूले राम्रो परामर्श पाइरहेका छन्, कि छैनन्, मण्डलीका सबै सदस्यहरू येशू ख्रीष्टका चेलाहरू बनाइएका छन् कि छैनन् र ख्रीष्टको शरीरको सेवाको विभिन्न कार्यहरूका निम्ति सुसज्जित भएका छन् कि छैनन् भनी उनीहरूले ख्याल राख्छन् (एफिसी ४:११-१४)। एल्डरहरूले तालिम पाइरहेका छन् र सुसमाचार, चेलापन, मिसनहरू, किशोर-किशोरीहरू, जवानहरू र अरू समूहहरूका लागि तालिमहरू सञ्चालन भएका छन् कि छैनन् भनी उनीहरूले देखरेख गर्छन्।

(४) सदस्यहरूले राम्ररी काम गरिरहेका छन् कि छैनन् भनी एल्डरहरूले देखरेख गर्छन्।
उनीहरूले सदस्यहरूलाई आफ्ना सम्बन्धहरूमा प्रेममा, आफ्ना क्रियाकलापहरूमा असल कामहरूमा र आफ्ना सभाहरूमा इमानदारीतामा उत्साह दिन्छन् (हिब्रू १०:२४-२५)।

उनीहरूले सदस्यहरूलाई आफ्नो प्रतिभा र आत्मिक वरदानअनुसार अथवा परमेश्वरले तोक्नुभएको कामअनुसार मण्डलीमा कम्तीमा एउटा काममा संलग्न रहन उत्साह दिन्छन्। उनीहरूको मण्डली सदस्यहरूलाई तिनका प्रतिभाहरू र आत्मिक वरदानहरू पत्ता लगाउन मद्दत गर्छन् र तिनले सहभागिता जनाउन सक्ने कुनै क्रियाकलापहरू छन् भनी खोज्न सहायता गर्छन्। उनीहरू मण्डली सदस्यहरूलाई परिचालन गर्न आत्मिक वरदानहरूको अभ्यासलाई व्यवस्थित गर्न जिम्मेवार रहन्छन् (रोमी १२:३-८; १ कोरिन्थी १२:४-७; १ कोरिन्थी १४:२६-४०; १ थेसलोनिके ५:१९-२१; १ तिमोथी ४:१४; २ तिमोथी १:६; १ यूहन्ना ४:१)।

उनीहरूले मण्डली सदस्यहरूबीचको व्यक्तिगत सहायतालाई उत्प्रेरित गर्छन् र सदस्यहरूलाई व्यक्तिगत सहायता पनि दिन्छन् (प्रेरित १८:२४-२८)। उनीहरूले सदस्यहरूलाई धर्यतापूर्वक शिक्षा र सल्लाह दिन्छन्, सच्याउँछन् र उत्साह दिन्छन् (२ तिमोथी ४:१-५; तीतस २:१५)। उनीहरूले मण्डलीमा पास्टरीय सहायता स्थापित गर्छन् (१ थेसलोनिके ५:१२-१५)। अनि उनीहरूले इसाई अनुशासन कायम राख्छन् (मत्ती १८:१५-१७; १ कोरिन्थी ५:९-१३)।

३. एल्डरहरूको परिषद्को तेस्रो कार्य : परमेश्वरको वचनको शिक्षक बन्नु

१ थेसलोनिके ५:१२; १ तिमोथी ३:२; १ तिमोथी ५:१७; तीतस १:९ पढ्नुहोस्।
एल्डरहरूको तेस्रो कार्य परमेश्वरको वचनको शिक्षकहरू बन्नु हो।

- उनीहरू सिकाउन (ग्रीक: डिटकटिकोस) योग्यको हुनुपर्छ (१ तिमोथी ३:२)।
- उनीहरूले प्रचार गर्न र सिकाउनको लागि मिहेनत गर्नुपर्छ (१ तिमोथी ५:१७)।

- र उनीहरू (ख्रीष्ट र उहाँका प्रेरितहरूद्वारा) सिकाइएअनुसार नै विश्वासयोग्य वचनमा अडिग रहनुपर्छ ताकि उनीहरूले असल सिद्धान्तद्वारा अरूहरूलाई उत्साह दिन सकून् र तिनको विरोध गर्नेलाई इन्कार गर्न सकून्[46] (तीतस १:९)।

बाइबलको सन्दर्भमा एल्डरहरूका जिम्मेवारीहरू यी हुन्:

(१) प्रचार गर्नु

एल्डरहरूले अविश्वासीहरूलाई, अइसाईहरूलाई र इसाईहरूलाई परमेश्वरको वचन प्रचार गर्छन् (१ तिमोथी ५:१७)।

(२) बाइबल अध्ययन

उनीहरूले अविश्वासीहरू र विश्वासीहरूसँग समूहगत छलफलमा सत्य पत्ता लगाउनको निम्ति बाइबल प्रयोग गर्छन् (प्रेरित १७:१-४,११)[47]।

(३) शिक्षा दिनु

उनीहरूले बाइबलमा लिपिबद्ध भएअनुसार नै मण्डलीका सदस्यहरूलाई परमेश्वरको सम्पूर्ण इच्छा सिकाउँछन् (प्रेरित २०:२०,२७)[48]। उनीहरू बाइबलमा लेखिएको भन्दा बाहिर जान पाउँदैनन् (१ कोरिन्थी ४:६)।

(४) व्यवहारमा उतार्नु

उनीहरूले मण्डली सदस्यहरूलाई येशू ख्रीष्टका आज्ञाहरू पालन गर्न सिकाउँछन् (मत्ती २८:२०क)[49]।

(५) पास्टरीय हेरचाहा

उनीहरूले विश्वासीहरूका समझमा परमेश्वरको वचन खोप्नको लागि, विश्वासीहरूलाई सच्याउनको लागि, डराउने मानिसहरूलाई उत्साह दिनको लागि, अल्छेहरूलाई चेताउनी दिनको लागि र सत्यको विरोध गर्नेहरूलाई हप्काउनको लागि बाइबल प्रयोग गर्छन् (कलस्सी ३:१६; १ थेसलोनिके ५:१२-१५; २ तिमोथी २:२३-२६)।

(६) सिद्धान्तहरू

उनीहरूले बाइबललाई पक्का सिद्धान्तको नमुनाको रूपमा प्रयोग गर्दछन् (२ तिमोथी १:१३) र सैद्धान्तिक विषयहरूका बारेमा निर्णय गर्छन् (प्रेरित १५ अध्याय) अनि झूटा सिद्धान्तहरू अस्वीकार गर्छन् (तीतस १:९)।

४. एल्डरहरूको परिषद्को चौथो कार्य : परमेश्वर र मानिसहरूको सेवक बन्नु

मत्ती २०:२५-२८; १ पत्रुस ५:२-३ पढ्नुहोस्।

एल्डरहरूको चौथो कर्य परमेश्वर र मानिसहरूको सेवा गर्नु हो।

- उनीहरूले आफूलाई सम्पिएका मानिसहरूमाथि प्रभुत्व गर्ने होइन तर उनीहरूको सेवा गर्नुपर्छ।
- यो कार्यले एल्डरहरूको अगुवापनको शैलीलाई वर्णन गर्छ।

येशूले तिनीहरूलाई आफूकहाँ बोलाएर भन्नुभयो, "तिमीहरूलाई थाहा नै छ, कि अन्यजातिका शासकहरूले तिनीहरूमाथि निरङ्कुश शासन गर्दछन्, र ठूलाठालुहरूले तिनीहरूमाथि अधिकार जमाउँछन्। तिमीहरूका बीचमा यस्तो हुनेछैन, तर जो तिमीहरूमा ठूलो हुने इच्छा गर्दछ, त्यो तिमीहरूको सेवक हुनुपर्छ। जो तिमीहरूमध्ये पहिलो हुने इच्छा गर्दछ, त्यो तिमीहरूको कमारो हुनुपर्छ, जसरी मानिसको पुत्र पनि सेवा पाउनलाई होइन तर सेवा गर्न र धेरैको छुटकाराको मोल स्वरूप आफ्नो प्राण दिन आयो" (मत्ती २०:२५-२८)। यसकारण एल्डरहरूले मानिसहरूको भलाइ गर्नुको साथसाथै आफ्नो अगुवापन कार्यान्वयन गर्ने तरिकालाई फाइदा पुऱ्याउनको लागि आफ्ना जिम्मेवारीहरू नर्वाह गर्नुपर्छ। 'सेवा' शब्दले नै सारंशमा अगुवापनको शैलीलाई एकै शब्दमा वर्णन गर्छ।

बाइबलीय अगुवापन सांसारिक अगुवापनभन्दा सधैँ उल्टो हुन्छ! एल्डरहरूले स्वेच्छाले, निस्वार्थ समर्पणताले र उदाहरण बनेर सेवा गर्नुपर्छ। उनीहरूले कहिले पनि मण्डलीको सदस्यहरूमाथि प्रभुत्व जमाएर शासन गर्नुहुँदैन (१ पत्रुस ५:२-३)!

---

[46] ग्रीक : ???

[47] See Evangelisation, www.deltacourse.org

[48] www.deltacourse.org, पुरानो करारसम्बन्धी पन्ध्र पाठहरू र नयाँ करारसम्बन्धी पन्ध्र पाठहरू हेर्नुहोस्।

[49] बाइबललाई लागु गर्ने कुरा हेर्नुहोस, www.deltacourse.org

उनीहरूले आफू अगाडि हिँडेर अनि उदाहरण दिएर अगुवाइ गर्नुपर्छ। मण्डली सदस्यहरूद्वारा सेवा गरिनुको साटो एल्डरहरूले ती सदस्यहरूको सेवा गर्नुपर्छ (लूका २२:२५-२७)! इसाई अगुवापन सधैँ बाँडिएको अगुवापन र सेवक अगुवापन हो।

छ. एल्डरहरूलाई सुसज्जित पार्नु

एल्डरहरू विशेषरूपमा शिक्षित अथवा पूर्णकालीन कर्मचारी हुनैपर्छ भन्ने जरुरी छैन। नयाँ करारको समयमा केही एल्डरहरू मात्र पूर्णकालीन सेवक थिए तर तिनीहरूलाई एकमात्र पूजाहारी, पास्टर, सेवक, अगुवा अथवा शिक्षक हुनको लागि कोही पनि नियुक्त गरिएका थिएनन्।

एल्डरहरू पक्का इसाई सिद्धान्तमा अडिग रहनुपर्छ (तीतस १:९) र अरूलाई परमेश्वरको वचन (बाइबल) सिकाउन सक्ने हुनुपर्छ (१ तिमोथी ३:२)।

प्रेरितहरूले स्वयम् येशूबाट 'कार्यक्षेत्रमा नै तालिम' पाए। त्यसरी नै एल्डरहरूले प्राय: आफ्ना कार्यहरूका लागि आफ्नो कार्यक्षेत्रमा नै तालिम पाए। उदाहरणको लागि भन्ने हो भने तिमोथी र तीतसले प्रेरित पावलबाट कार्यक्षेत्रमा नै तालिम पाए।

एल्डरहरूले प्रचार गर्न, सिकाउन, बप्तिस्मा दिन, प्रभु-भोज सञ्चालन गर्न, आशिष् घोषणा गर्न र नयाँ कार्यभारको लागि मानिसहरूलाई अभिषेक गर्नुभन्दा अघि[50] उनीहरूले बाइबल स्कुल अथवा इश्वरशास्त्रीय सेमिनारीमा औपचारिक शिक्षा लिएको हुनैपर्छ भनी बाइबलले सिकाउँदैन।

केही एल्डरहरू पहिलेदखि नै प्रचारकहरू र शिक्षकहरू हुन्छन् (१ तिमोथी ५:१७), तर उनीहरूले यो काम पूर्णकालीन अथवा पाएको समयमा मात्र गर्थे भन्ने बारेमा बाइबलले केही पनि बताउँदैन! सबै परिपक्व इसाईहरूलाई (चेलाहरूलाई) येशू ख्रीष्टद्वारा अरू मानिसहरूलाई परमेश्वरको वचन सिकाउनु भनी आज्ञा दिइएको छ।

- "मैले तिमीहरूलाई आज्ञा गरेका सबै कुरा पालन गर्न तिनीहरूलाई सिकाओ" (मत्ती २८:२०)।
- "ख्रीष्टको वचन तिमीहरूमा प्रशस्तसँग बास गरोस्। पूरा बुद्धिमानीसाथ एउटाले अर्कालाई सिकाओ र अर्ती देओ" (कलस्सी ३:१६)।

केही इसाईहरूले तिमोथी र तीतसजस्ता मानिसहरूलाई अहिलेका पास्टरहरू अथवा अगुवाहरूको संज्ञा दिए तापनि वास्तवमा उनीहरू तिनीहरूभन्दा बढी नै थिए। उनीहरूले पावलको मिसन यात्रामा सँगै यात्र गरे अथवा विशेष कार्य (मण्डली स्थापना) पूरा गर्नको लागि एकलै यात्र गरे। यसकारण उनीहरू मिसेनरीहरू थिए! तर तिमोथी र तीतसले आफ्नो तालिम ईश्वरशास्त्रीय संस्थाबाट होइन तर सीधै पावलबाट प्राप्त गरेका थिए।

ज. एल्डरहरूको अधिकार

१. परमेश्वरले अधिकार दिनुहुन्छ।

परमेश्वरले अधिकार दिनुहुन्छ (रोमी १३:१-२), र अधिकारमा रहेका सबै मानिसहरूको अधिकार सीमित हुन्छ (प्रेरित ४:१९-२०; प्रेरित ५:२९)। सबै एल्डरहरू प्रभु येशू ख्रीष्टको अधिकारमुनि रहेका हुन्छन्, अर्थात् ...

- बाइबलको (सहीरूपमा अनुवाद गरिएको) अधिकारमुनि (१ कोरिन्थी ४:६)
- ख्रीष्टको आत्माको अधिकारमुनि, जसले कहिल्यै पनि बाइबलको विरुद्ध केही पनि भन्नुहुन्न (मत्ती २८:१९; यूहन्ना १६:१३-१५)
- एल्डरहरूको परिषद्को अधिकारमुनि (प्रेरित २०:२८; १ पत्रुस ५;५), जो बाइबलमा लेखिएका कुराभन्दा बहिर कहिले पनि जाँदैन (१ कोरिन्थी ४:६)।

[50] यो मध्य युगको अभ्यासको अंश हो, जब 'क्लोरिकस' (मण्डली कर्मचारीहरू) र 'लाइकस' (मण्डलीका साधारण मानिसहरू) बीचमा भिन्नता राखिन्थ्यो।

२. एल्डरहरूको निम्नलिखित क्षेत्रहरूमा सीमित अधिकार हुन्छ।

बाइबलले एल्डरहरूका लागि तोकेको कार्यहरूमा एल्डरहरूको अधिकार हुन्छ। उनीहरूको अधिकारक अभ्यासको लागि मण्डलीको सदस्यहरूले आफूलाई उनीहरूप्रति समर्पित गर्नुपर्छ (१ थेसलोनिके ५:१२)। "तिमीहरूका अगुवाहरूको आज्ञापालन गर (ग्रीक: हेग्युमेनोइ), र तिनीहरूका अधिनमा बस। किनिक लेखा दिनुपर्छ भन्ने कुरा जानेर नै तिनीहरूले तिमीहरूका प्राणको हेरचाह गर्छन्। यो काम तिनीहरूले आनन्दसाथ गरून्। दु:ख मानेर होइन, नत्रता त्यसबाट तिमीहरूलाई कुनै लाभ हुँदैन" (हिब्रू १३:७)!

तर अगुवापनको स्थानमा रहेर पनि तपाईंकहाँ परमेश्वरको वचन नल्याउने र विश्वासमा तपाईंको निम्ति उदाहरण बन्न नसक्ने व्यक्तिलाई तपाईंको अगुवाको रूपमा लिन सकिँदैन! "आफ्ना अगुवाहरूको सम्झना राख (ग्रीक: हेग्युमोनोइ), जसले परमेश्वरको वचन तिमीहरूलाई सुनाए। तिनीहरूका जीवनको परिणामलाई ध्यान देओ, र तिनीहरूका विश्वासको अनुकरण गर" (हिब्रू १३:७)!

३. एल्डरहरूको निम्ति निम्नलिखित क्षेत्रहरूमा अधिकार हुँदैन।

तैपनि, एल्डरहरूको[51] यी क्षेत्रहरूमा अधिकार हुँदैन: उनीहरूसँग मानिसहरूलाई बचाउने, मानिसहरूलाई पवित्र आत्माले बप्तिस्मा दिने, मानिसहरूलाई पवित्र आत्माले डोऱ्याउने, आत्मिक वरदानहरू दिने, पवित्र आत्माको फलद्वारा मानिसहरूलाई परिवर्तन गर्ने, मानिसहरूलाई विशेष सेवकाइको निम्ति बोलाउने, तिनीहरूलाई विशेष काम गर्न आज्ञा दिने अथवा मानिसहरूलाई प्रयोग गर्ने अधिकार (अथवा शक्ति) हुँदैन। यी कार्यहरू विशेषरूपमा प्रभु येशू ख्रीष्ट र उहाँको आत्माको हो, एल्डरहरूको होइन! मण्डलीका सदस्यहरू एल्डरहरूको सम्पत्ति अथवा तिनीहरूको अधिनमा रहने मानिसहरू होइनन्। सदस्यहरूको दिनक जीवन, सम्पत्ति र पैसामाथि एल्डरहरूको कुनै अधिकार हुँदैन। मण्डलीको सदस्यहरूका परिवार, काम-व्यवसाय अथवा तिनीहरूले समय बिताउने तरिकाहरूमा एल्डरहरूको कुनै अधिकार हुँदैन। यसकारण येशू ख्रीष्टले एल्डरहरूलाई उनीहरूको हेरचाहमा सुम्पिएका मानिसहरूमाथि 'प्रभुत्व नजमाउनू' भनी आज्ञा दिनुहुन्छ (मत्ती २०:२५-२८; १ पत्रुस ५:२-३)।

४. एल्डरहरूको परिषद्को एल्डरहरूको अधिकार समान हुन्छ, तर उनीहरूका कार्यहरू भने फरक हुन्छन्।

केही एल्डरहरूले मण्डलीमा अगुवाइ गर्नछन् भने अरू एल्डरहरू प्रचार गर्ने र सिकाउने काम गर्छन् (१ तिमोथी ५:१७)। मण्डलीमा उनीहरूका कार्यहरू फरक-फरक भए तापनि उनीहरूले एकसाथ एल्डरहरूको परिषद् अथवा समूह निर्माण गर्छन् (१ तिमोथी४:१४)। एकजना एल्डर अर्को एल्डरभन्दा बढी महत्वपूर्ण हुँदैन।

- सेमिनारी अथवा बाइबल स्कुलमा ईश्वरशास्त्रीय शिक्षा पाएका एल्डरहरू
- र त्यस्ता शिक्ष नपाएका साधारण एल्डरहरू

यी दुई किसिमका एल्डरहरूको बीचमा अहिलेजस्तो आधुनिक भिन्नता नयाँ करारको समयमा थिएन।

सबै एल्डरहरू येशू ख्रीष्टका चेलाहरू बनाइएका र त्यसपछि कामको तालिममा स्वीकारिएका इसाईहरू थिए। अन्तमा उनीहरूलाई मण्डलीमा विशेष काम गर्नका लागि विशेष कार्यभारको निम्ति नियुक्त गरिएको थियो (ग्रीक: केइरोटोनियो, प्रेरित १४:२३) अथवा (ग्रीक: क्याथिसटेमी, तीतस १:५)।

५. जवान एल्डरहरूको पनि प्रौढ एल्डरहरूको समान अधिकार हुन्छ।

परमेश्वरले जवान विश्वासीहरू र प्रौढ विश्वासीहरू दुवैबाट नम्र स्वभावको अपेक्षा गर्नुभए तापनि (१ पत्रुस ५:५-६), परमेश्वरले जवान एल्डरहरूलाई आफूभन्दा पाका विश्वासीहरूलाई सिकाउने, सल्लाह दिने र आवश्य परे सच्याउने जिम्मेवारी र अधिकार पनि दिनुहुन्छ (१ तिमोथी १:३-५; १ तिमोथी ४:११-१३; १ तिमोथी ५:२०; २ तिमोथी २:२२-२६)। तैपनि सबै एल्डरहरूले एक-अर्कालाई सम्मानपूर्वक व्यवहार गर्नुपर्दछ (१ तिमोथी ३:२: १ तिमोथी ५:१-२: तीतस १:७)।

[51] एल्डरहरू र मण्डलीका अरू संस्थाहरू अथवा इसाई संगठनहरूको यी क्षेत्रहरूमा अधिकार हुँदैन।

झ. अगुवापनको ऐतिहासिक छाता संरचनाहरू : परिषद्हरू र धर्मसभाहरू

१. नयाँ करारले सिकाउँछ, कि हरेक मण्डलीमा एल्डरहरूको आफ्नै परिषद् हुन्छ।

नयाँ करारको मण्डलीमा तहगत प्रणाली थिएन! नयाँ करारमा स्थानीय मण्डलीलाई पूजाहारी अथवा पास्टर अथवा सेवकजस्ता एकजना मात्र अगुवाले अगुवाइ गर्दैनथे, तर 'एल्डरहरूको परिषद्'ले (ग्रीक: प्रेस्बुटेरियोन) अगुवाइ गर्दथ्यो (१ तिमोथी ४:१४)। एल्डरहरूको परिषद्को काम गोठालाहरू बन्नु र सदस्यहरूको देखरेख गर्नु थियो (प्रेरित २०:२८; १ पत्रुस ५:२)। नयाँ करारको मण्डलीको अगुवाइ कुनै एक मानिसको मात्र विशेष अधिकारको कुरा थिएन, तर मानिसहरूको समूहको जिम्मेवारी थियो, जसलाई 'एल्डरहरू' (बहुवचन) अथवा 'एल्डरहरूको परिषद्' (ग्रीक: प्रेस्बुटेरियोन) भनिन्थ्यो। सबै एल्डरहरूले एक-अर्कामा अगुवापनको जिम्मेवारीहरू बाँड्थे (प्रेरित ११:३०; प्रेरित १४:२३; प्रेरित १५:२,२२; प्रेरित २०:१७; १ तिमोथी ५:१७; तीतस १:५; याकूब ५:१४; १ पत्रुस ५:१)। नयाँ करारमा 'गोठाला' र 'संरक्षक' शब्दहरू सधैँ 'एल्डर' (ग्रीक: प्रेस्बुटेरोस) शब्दसँग सम्बन्धित हुन्छ।

२. एल्डरहरूको परिषद्को एल्डरहरूले एक-अर्काको हेरचाह गर्छन्।

प्रेरित पावलले एफिससको मण्डलीको एल्डरहरूलाई (ग्रीक: प्रेस्बुटेरोइ) बगालको 'हेरचाह गर्ने' (ग्रीक: प्रोसेको) मात्र होइन, तर अरू एल्डरहरूको पनि हेरचाह गर्नू भनी आदेश दिए (प्रेरित २०:१७,२८)। यसकारण एल्डरहरूको परिषद्को कुनै पनि एल्डरको स्तर अतवा अधिकार अरू एल्डरहरूभन्दा माथि हुँदैन! एल्डरहरूको परिषद्मा समान व्यक्तिहरूमा पहिलो व्यक्ति कोही पनि हुँदैन।

बाइबलमा यो कुराको कुनै प्रमाण छैन, कि विश्वव्यापी मण्डलीमा स्थानीय मण्डलीहरूका एल्डरहरूभन्दा माथि कुनै कार्यभार थियो! पूजाहारीहरू र पूजाहरीमाथि नियुक्त गरिएका एकजना बिशप बीच अनि 'क्लेरिकस' (कार्यभार) र 'लाइकस' (साधारण व्यक्ति) को बीचमा आधुनिक भिन्नता नयाँ करारमा पाइँदैन! 'संरक्षक बन्नु' हरेक एल्डरको कार्यहरूमध्ये एक थियो, त्यो बिशप भनिने व्यक्तिको काम होइन!

३. यरूशलेमको परिषद् एल्डरहरूको परिषद्भन्दा मातिको परिषद् अथवा धर्मसभा थिएन।

के नयाँ करारको समयमा स्थानीय मण्डलीका एल्डरहरूभन्दा माथि मण्डलीको कार्यभारहरू थिए?

प्रेरित १५:१-२,४,६,२२; प्रेरित २०:१७,२८

यरूशलेमको बैठक दुई स्थानीय मण्डलीका प्रतिनिधिहरूबीचको परामर्श मात्र थियो:

- एन्टिओखियाको स्थानीय मण्डलीका प्रतिनिधिहरू (अन्यजातिहरूबाट)
- र येशू ख्रीष्टका प्रेरितहरूका साथमा यरूशलेमको स्थानीय मण्डलीका प्रतिनिधिहरू (यहूदीहरूबाट) (प्रेरित १५:१-३५)।

यसको उद्देश्य 'खतना' र पुरानो करारका अरू परम्परागत व्यवस्थाहरूलाई नयाँ करारको मण्डलीमा अझै वैधानिकरूपमा राख्ने अथवा नराख्ने भन्ने थियो। केही यहूदी इसाईहरू यरूशलेमबाट सिरियाको एन्टिओखियामा यात्र गरेर अन्यजाति इसाईहरूलाई उद्धार पाउनको लागि खतना गर्नैपर्छ भनी सिकाएका थिए (प्रेरित १५:१; गलाती १:६-९; गलाती ४:९-१०,१७; गलाती ५:१-१२; गलाती ६:१२-१६)। यरूशलेमको यो बैठक दुई स्थानीय मण्डलीहरूबीचको परामर्श मात्र थियो, संसारभरिको सबै स्थानीय मण्डलीहरूको प्रतिनिधिहरूको निर्णायक बैठक (परिषद् अथवा धर्मसभा) होइन! यरूशलेमको यो भेलाको संसारको सबै मण्डलीहरूमाथि कुनै अधिकार थिएन र यसकारण उनीहरूलाई अरू मण्डलीहरूका बारेमा कुनै प्रमाणिक निर्णय गर्ने कुनै अधिकार थिएन र यसकारण उनीहरूलाई अरू मण्डलीहरूका बारेमा कुनै प्रमाणिक निर्णय गर्ने कुनै अधिकार थिएन।

प्रेरित १६:४ को 'निर्णयहरू' अथवा 'नियमहरू' (ग्रीक: डोगमाता केक्रिमेना) अदालतको शब्दावलीसँग सम्बन्धित छ र यी कुनै 'वाध्यात्मक वा अनिवार्य निर्णयहरू' थिएनन् तर प्रेरितहरू र पवित्र आत्माबाट अरू स्थानीय मण्डलीहरूलाई 'सल्लाहहरू'का रूपमा निर्णयहरू थिए। यी सल्लाहहरूलाई स्वीकार गर्न पनि सकिन्थ्यो अथवा अस्वीकार गर्न पनि सकिन्थ्यो। सबै

इसाईहरूले पालन गर्नैपर्ने कुराचाहिँ (प्रेरित १६:४) मूर्तिपूजा र व्यभिचारदेखि अलग रहनु हो। अनि अन्यजातिका सबै इसाईहरूले त्याग्नुपर्ने कुराचाहिँ यहूदीहरूमध्येबाटका इसाईहरूलाई आफ्ना व्यवहारद्वारा अपमान नगर्नु हो। आफ्ना कमजोर भाइहरूलाई प्रेम गरिरहनको निम्ति दह्रिला भाइहरूले 'आवश्यक कुराहरू' (ग्रीक: एपानाग्केस) लाई इन्कार गर्नुपर्छ, अर्थात् मूर्तिहरूलाई बलि चढाइएका थोकहरू, मासुमा रहेको रगत र गला अँठ्याएर मारिएका पशुको मासु (सहीरूपमा नमारिएका पशुहरू) (प्रेरित १५:२८-२९; रोमी १४:१-६ हेर्नुहोस्)। यसरी यी निर्णयहरू इसाई प्रेमको बारेमा थिए!

कुनै राष्ट्र अथवा संसारभरिकै स्थानीय मण्डलीहरूका एल्डरहरूका परिषद्हरूभन्दा माथि कुनै छाता संगठन (परिषद् अथवा धर्मसभा) हुन्छ, जसमा प्रतिनिधिहरूले कुनै राष्ट्र अथवा संसारभरिकै सबै मण्डलीहरूका लागि वाध्यकारी निर्णयहरू बनाउँछ भन्नेबारेमा बाइबलमा एउटा पनि प्रमाण छैन! परम्परागत परिषद्हरू अथवा धर्मसभाहरू इ.सं. दोस्रो शताब्दीपछि मात्र अस्तित्वमा आएका हुन्!

४. मण्डली इतिहासमा अगुवापनको तहगत प्रणालीको विकास।

डोटा निर्देशिका ४, परिशिष्ट १९ अध्ययन गर्नुहोस्।

५	**प्रार्थना** (८ मिनेट)	**[प्रतिक्रियाहरू]** **परमेश्वरको वचनप्रति प्रतिक्रिया जनाउने प्रार्थना**

समूहमा पालैपालो गरी तपाईंले आज के सिक्नुभएको छ, त्यसबारे प्रतिक्रियात्मकरूपमा परमेश्वरसँग छोटो प्रार्थना गर्नुहोस्। अथवा दुई वा तीन जनाको समूहमा विभाजन भएर तपाईंले आज जे सिक्नुभएको छ, सोबारे परमेश्वरसँग प्रतिक्रिया जनाउँदै प्रार्थना गर्नुहोस्।

६	**गृहकार्यको निम्ति तयारी** (२ मिनेट) **अर्को पाठको निम्ति**	

(**समूहको अगुवा** - तपाईंका समूहका सदस्यहरूलाई यो गृहकार्यको तयारी लेख्न लगाउनुहोस् वा उनीहरूलाई यसको प्रतिलिपि बनाउन लगाउनुहोस्।)

१. **प्रतिवद्धता -** चेलाहरू बनाउनको निम्ति प्रतिबद्ध हुनुहोस्। 'इसाई अगुवाको विशेषताहरू' भन्ने शिक्षालाई अर्को व्यक्ति अथवा समूहका मानिसहरूलाई प्रचार गर्नुहोस्, सिकाउनुहोस् अथवा उनीहरूसँग बसेर अध्ययन गर्नुहोस्।

२. **परमेश्वरसँगको व्यक्तिगत समय -** प्रत्येक दिन आधा अध्याय पढेर विद्यार्थीहरूलाई परमेश्वरसँग व्यक्तिगत समय बिताउन लगाउनुहोस् (उपदेशक ५,६,७ र ८ अध्याय)। प्रश्नहरू सोध्ने तरिकालाई प्रयोग गर्नुहोस्। टिप्पणीहरू बनाउनुहोस्।

३. **बाइबल अध्ययन -** घरमा अर्को बाइबल अध्ययन तयार पार्नुहोस्। प्रेरित २०:१७-३८ - विषय: संसारका मण्डलीहरूको अगुवापन हस्तान्तरण गर्नु'। बाइबल अध्ययनको पाँच वटा चरणहरूको प्रयोग गर्न लगाउनुहोस्। टिप्पणीहरू बनाउनुहोस्।

४. **प्रार्थना -** कुनै विशेष व्यक्ति वा कुनै विशेष कुराको निम्ति यो हप्ता निर्दिष्ट भएर प्रार्थना गर्नुहोस् र परमेश्वरले के गर्दैहुनुहुन्छ भनी हेर्नुहोस् (भजनसङ्ग्रह ५:३)।

५. **चेलाहरू बनाउने विषयमा तपाईंको कापीलाई अद्यावधिक बनाउनुहोस्।** आराधनाको टिप्पणी, परमेश्वरसँग तपाईंले व्यक्तिगत समय बिताउँदा बनाएको टिप्पणी, शिक्षा दिँदा बनाएको टिप्पणी र यो तयारीलाई सङ्लग्न गर्नुहोस।